# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको

## शोधपत्र


**शोधार्थी**

ढकेन्द्र सुवेदी

एम.एड. दोस्रो वर्ष

त्रि.वि. दर्ता नं. ९-१-९-३५६-९७

परीक्षा रोल नं. २१४००२९/२०६८

शैक्षिक वर्ष २०६६/०६७



सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

कोशीहरैचा, मोरङ


साउन, २०७१

बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग -ढकेन्द्र सुवेदी

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG

☎ : 021–545617
☎ : 021–545717

स्थापित : 2048

फ्याक्स : 021–545717

E-mail: sukunac@yahoo.com

पत्र सङ्ख्या :
चलानी नम्बर : ................................
मिति :

विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय (ED.PM 598) को आवश्यकता पूरा गर्नको लागि ढकेन्द्र सुवेदीले **कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिमा पेस गरिएको छ ।

........................................

उप-प्रध्यापक केशबराज भट्टराई

शोधनिर्देशक

मिति : २०७०/

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ ☎ : 021–545617

INDRAPUR, MORANG ☎ : 021–545717

स्थापित : 2048 फ्याक्स : 021–545717

E-mail: sukunac@yahoo.com

पत्र सङ्ख्या :

चलानी नम्बर : ................................... मिति :

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर तह (एम.एड.) द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय (Ed.PM. 598) को आवश्यकता पूरा गर्नको लागि ढकेन्द्र सुवेदीले **कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव** शीर्षकमा तयार पार्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | .................... |
| २. | श्री गणेशप्रसाद दहाल | अनुसन्धान विभाग संयोजक | .................... |
| ३. | श्री केशबराज भट्टराई | शोध निर्देशक | .................... |
| ४. | | बाह्य परीक्षक | ...................... |

मिति : २०७१/ /

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न गरिनु पर्ने शोधकार्य अन्तर्गत यो शोत्रपत्र तयार गर्ने काममा विभिन्न व्यक्ति तथा संस्थाले प्रत्यक्ष-परोक्ष रुपमा सहयोग पुऱ्याउने कार्य भएको छ ।

प्रस्तुत शोधपत्रको शीर्षक छनोट तथा स्वीकृति गरी सहयोग गर्नु हुने सहायक क्याम्पस प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । अनुसन्धान विषय शिक्षक उप-प्राध्यापक श्री गणेशप्रसाद दहाल ज्यूमा धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्ग निर्देशन र अमूल्य सुझाव दिनुहुने उप-प्राध्यापक श्री केशवराज भट्टराईज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी शोधपत्र लेखन कार्यको क्रममा आवश्यक सामग्री, सूचना र सुझाव प्रदान गर्नु हुने श्री दण्डपाणी गौतम ज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अध्ययनको क्रममा तथ्यांक एवम् सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमुना छनौटमा परेको स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री रियन्द्रप्रसाद गुरागाई ज्यू र विद्यालय श्री जनकल्यण नि.मा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि.का प्र.अ.द्वय श्री अमर वहादुर पाण्डे र श्री हर्क वहादुर मगर ज्यूहरूप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी विद्यालय श्री जनकल्याण नि.मा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि.का वि.व्य.स. अध्यक्ष श्री हेमराज समाल र श्री पदम वहादुर महत ज्यूहरूप्रति आभार व्यक्त गर्दछु । छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शोध पत्र लेखन कार्यमा निरन्तर सहयोग पुऱ्याउने मेरी श्रीमती सिता चापागाई (सुवेदी) त्यसै गरी छोरी सन्ध्या र छोरा सन्दिपलाई हृदय देखिनै धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

ढकेन्द्र सुवेदी

# शोधसार

यस शोध अध्ययनको शीर्षक बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग छनोट गरिएको छ। अध्ययन अनुसान्धानको लागि किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव पत्ता लगाउनु मुख्य उद्देश्य रहेको छ।

यस शोध अध्ययनको लागि गुणात्मक र परिमाणात्मक दुवै मिश्रित ढाँचा प्रयोग गरिएको छ। शोध अध्ययन अगाडी बढाउनको लागि धनकुटा जिल्लामा १० वटा सामुदायिक विद्यालयहरूमा युनिसेफ, विश्वशिक्षा र शिक्षा मन्त्रालयको त्रिपक्षीय सहयोगमा बालमैत्री शिक्षा लागु भई हाल कक्षाकोठामा किताब कुनाको प्रयोग भएको छ। किताब कुना लागु भएका पाखिवास स्रोतकेन्द्र अन्तरगतका दुइवटा विद्यालयहरू श्री जनकल्याण नि.मा.वि. सान्ने ८ र श्री ढुङ्गेधारा नि.मा.वि. पाखिवास ७ लाई उद्देश्यपूर्ण ढंगबाट नमूना छनोटमा लिइएको छ। ४७ जनाको उद्देश्य पूर्ण ढंगबाट नमूना छनोट गरिएको छ। तथ्यांक संकलन गर्नको लागि प्राथमिक र सहायक दुवै स्रोतहरू प्रयोग गरी खुल्ला प्रश्नावली, अन्तर्वार्ता अनुसूची साथै निर्देशिका प्रश्नावली जस्ता तथ्यांक संकलनका साधनहरू प्रयोग गरी शोध अध्ययन पुरा गर्ने कार्य गरिएको छ।

कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभावको अध्ययनको क्रममा किताब कुना प्रयोग गर्न भौतिक सामग्रीहरू अन्तर्गत प्रत्येक कक्षाकोठामा टीनको बाकस, बुककेस, ऱ्याक, दराज, टेवल र डोरीहरू प्रयोग गरिएको पाइयो। बाल सन्दर्भ सामग्रीहरू, विद्यार्थीहरूद्वारा निर्मित सन्दर्भ सामग्रीहरू प्रत्येक कक्षाकोठामा राखिएको पाइएको छ। बाल सन्दर्भ सामग्रीहरू शिक्षक र विद्यार्थी दुवै पक्षले शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्ने गरिएको र विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपका चारवटै पक्षमा प्रभाव पारेको पाइयो। नेपाली, गणित र अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि वृद्धि भएता पनि गणित विषयमा ह्रास आएको पाइयो। किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरूमा मुख्य रूपले तालिम, आर्थिक, शिक्षण पद्धति तथा भौतिक सामग्रीहरू जस्ता पक्षहरू रहेको पाइयो। किताब कुना प्रयोगको समस्याहरूमा बाल सन्दर्भ सामग्री पर्याप्तता नहुनु, पुनर्ताजकी तालिमको अभाव, सुपरिवेक्षणको कमी र भौतिक सामग्रीहरूको उचीत प्रबन्ध नभएको पाइयो। विषयतग रूपमा किताब कुनाको कम प्रयोग भएको पाइयो। कक्षा शिक्षण गर्ने शिक्षकलाई एक पटक तालिम दिएपछि पुनः पुनर्ताजकि तालिमको व्यवस्था नगर्दा शिक्षण सिकाइ क्रियाकलापमा किताब कुनाको प्रयोग परम्परागत ढङ्गबाटनै सञ्चालन हुनसक्ने निष्कर्ष निकालिएको छ। किताब कुनाको प्रयोगबाट बालबालिकामा रचनात्मक क्षमताको विकास तथा छलफल गर्ने वानिको विकास जस्ता सिकाइ उपलब्धीलाई सकारात्मक प्रभाव पारेको छ। किताब कुनाको प्रायोगले बालबालिकाको सर्वाङ्गीण विकासमा समेत सहयोग पुऱ्याएको देखिन्छ।

किताब कुनाको जानकारी हाल सबै पक्षमा थाहा नपाई सकेको अवस्था रहेको हुँदा शैक्षिक चेतनामूलक कार्यक्रम मार्फत सर्वत्र परिचित गराउनु पर्ने देखिन्छ। किताब कुनाको प्रयोग विद्यार्थी केन्द्रित शिक्षण विधि मार्फत

प्रयोग गर्नु पर्ने, बालमैत्री शिक्षणको अवधारणा अनुरूप शिक्षण सिकाइ क्रियाकलापलाई आत्मसाथ गरी अगाडि बढाउनु पर्ने साथै कक्षा शिक्षण गर्ने शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गर्नु पर्ने र सम्पूर्ण सम्बद्ध पक्षले किताब कुनाको प्रयोगमा सहयोग प्रदान गर्नु पर्ने देखिन्छ ।

# विषयसूची

| | पृष्ठ सङ्ख्या |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV |
| तालिकासूची | VII |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.६ अध्ययनको परिसिमा | ६ |
| **परिच्छेद दुइ : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ सैद्धान्तिक खाका | ९ |
| २.३ पुनरावलोकनको उपादेयता | १० |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा | १२ |
| ३.२ अध्ययनको जनसंख्या र नमूना छनोट | १३ |
| ३.२.१ नमुना छनोट विधि | १३ |
| ३.२.२ नमुना छनोटका आधारहरू | १३ |
| ३.३ तथ्याङ्क संकलनका स्रोतहरू | १३ |
| ३.३.१ प्राथमिक स्रोत | १३ |
| ३.३.२ सहायक स्रोत | १४ |

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू १४
३.४.१ खुल्ला प्रश्नावली १४
३.४.२ अन्तर्वार्ता अनुसूची १४
३.४.३ निर्देशिका प्रश्नावली १४
३.५ तथ्याङ्क सङ्कलन प्रकृया १४
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १५

## परिच्छेद चार : नतिजाको छलफल

४.१ कक्षाकोठामा किताब कुनाको वर्तमान अवस्था १६
४.१.१ कक्षाकोठामा किताब कुनाको व्यवस्थापनको अवस्था १७
४.१.१.१ भौतिक व्यवस्थापन १७
४.१.१.२ कक्षा क्रियाकलाप १८
४.१.१.३ बाल सन्दर्भ सामग्री २०
४.२ बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग २२
४.२.१ भाषिक सीप विकास २४
४.३ कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव २६
४.३.१ कक्षा १ को नतिजा २७
४.३.२ कक्षा २ को परीक्षाफल २८
४.३.३ कक्षा ३ को विषयगत औषत २९
४.३.४ छलफलबाट प्राप्त नतिजाअनुसार बालबालिकाको व्यवहारमा आएको परिवर्तन ३१
४.३.५ कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू ३४
४.४ कक्षा कोठामा किताब कुना प्रयोगका समस्याहरू ३५
४.४.१ किताब कुनाको अवस्था सुधार गर्ने उपायहरू ३८
४.४.१.१ स्रोतव्यक्तिबाट प्राप्त जवाफ ३८
४.४.१.२ प्र.अ.बाट पाइएको जानकारी ३८
४.४.१.३ शिक्षकले उल्लेख गरेका उपयाहरू ३९
४.४.१.४ वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष र अभिभावकबाट लिइएको प्रक्रिया ३९

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ४०
५.२ निष्कर्ष ४१
५.३ सुझावहरू ४२
    ५.३.१ नीतिगत तह ४३
    ५.३.२ अभ्यास तह ४३
    ५.३.३ अनुसन्धान तह ४४
सन्दर्भसूची
अनुसूची

# तालिकासूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | भौतिक व्यवस्थापन | १८ |
| २. | बाल सन्दर्भ सामग्री | २० |
| ३. | कक्षाकोठामा किताब कुनाको प्रयोगको स्थिति | २३ |
| ४. | भाषिक सीप विकास | २४ |
| ५. | कक्षा १ को नतिजा | २७ |
| ६. | कक्षा २ को परीक्षाफल | २८ |
| ७. | कक्षा ३ को विषयगत औषत | ३० |
| ८. | छलफलबाट प्राप्त नतिजाअनुसार बालबालिकाको व्यवहारमा आएको परिवर्तन | ३१ |
| ९. | कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू | ३४ |
| १०. | कक्षा कोठामा किताब कुना प्रयोगका समस्याहरू | ३६ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

मानवताको सभ्यतासँगसँगै शिक्षा विकासको प्रारम्भ भएको पाइन्छ । प्राचीन समाजमा घरका मूली तथा अग्रजहरूले आफ्ना सन्ततिहरूलाई आफूले जानेका, भोगेका तथा अनुभव गरेका विषयवस्तुहरू प्रदान गर्ने कार्यलाई सिकाइ भनिने कुरा शिक्षा इतिहासमा पाउँन सकिन्छ । विकासको क्रमसँगै शिक्षा प्रदान गर्ने थलो घर परिवारले मात्र सम्भव नभएपछि छुट्टै संस्थाको रूपमा स्थापित गरिएको पाइन्छ । त्यसैको विकसित रूप आज विद्यालयलाई मान्न सकिन्छ । विद्यालयले शिक्षाको अभिभारा जिम्मा लिए पछि विश्वमा नै प्रभावकारी शिक्षण सिकाइ कसरी गर्न सकिन्छ ? र विद्यार्थीको सिकाइ उपलब्धी कसरी वृद्धि गर्ने ? भन्ने चर्चाको विषयवस्तु बन्न पुगेको पाउन सकिन्छ । त्यसै अनुरूप विश्वमा विभिन्न सम्मेलनहरू गरी विभिन्न घोषणा पत्रहरू समेत जारी भएको छ । सबै बालबालिकाहरूलाई शिक्षाको दायरा भित्र ल्याई सबैको पहुँच पुग्ने खालको सर्वसुलभ शिक्षा प्रदान गर्न र सिकाइ वातावरण सहज बनाउन आज विश्व नै कठिबद्ध रहेको पाउन सकिन्छ ।

साना बालबालिकाहरूलाई छुट्टै पुस्तकालयमा गएर अध्ययन गर्न कठिनाई हुने भएकोले विश्व परिवेशमा कक्षाकोठा पुस्तकालयको व्यवस्था भएको पाइन्छ । कक्षाकोठा पुस्तकालयको विकसित रुपमा नै किताब कुना हो । सिकाइ बालकको व्यवहारमा आउने परिर्वतन हो । सिकाइलाई प्रभावकारी बनाउन हाम्रो देश नेपालमा पनि विभिन्न अवधारणाहरू आएको पाउँन सकिन्छ । बालमैत्री सिकाइ वातावरण सिर्जना गरी बालबालिकाहरूले रमाइलो वातावरणमा सिक्न पाउनु पर्ने अवसर प्रदान गर्न विद्यालयमा विभिन्न पक्षको व्यवस्थापन र प्रयोग ध्यान दिनु पर्ने आवश्यकता बमोजिम कक्षा कोठामा किताब कुनाको व्यवस्थापन र प्रयोग पनि प्रमुख रहेको पाइन्छ ।

किताबकुनालाई विभिन्न दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । सिक्षण सिकाइ क्रियाकलापलाई सहयोग पुऱ्याउने भएकोले सिकाई सामग्रीको रूपमा पनि लिने गरेको पाइन्छ । बाल पुस्तकालय, बुक कर्नर तथा कक्षाकोठा पुस्तकालयको नामले पनि चिनिने गरेको पाइन्छ साथै विषय कुनाको नामले पनि चिनिने गरिन्छ । जे सुकै नाम तथा अवधारणाले यसको परिचय पाइएता पनि कक्षा कोठा भित्र कक्षाकोठाकै कुनै एउटा ठाउँमा बालबालिकाहरूले सहजै रूपमा प्राप्त गर्न सक्ने गरी बालबालिकाकै रूचि, इच्छा तथा उनीहरूको स्तर सुहाउँदो खालका पुस्तकहरू, पत्रपत्रिकाहरू, बाल सन्दर्भ सामग्रीहरू साथै अन्य सिकाइ सामग्रीहरू संकलन गरी संग्रह गर्ने व्यवस्थापन गरिएको ठाउँलाई किताब कुना भनेर चिन्ने गरेको पाइन्छ । किताब कुना पुस्तकालयको एउटा रूप हो जहाँ

बालबालिकाहरूले कक्षाकोठा भित्र नै उनीहरूको स्तर सुहाउँदो रमाइला पुस्तकहरू प्राप्त गर्न सक्छन् ।

कक्षाकोठामा एउटा किताब कुना (ठाउँको व्यवस्था मिलाउने, रोचक र रमाइला पुस्तकहरूको संग्रह बनाउने कक्षाकोठा भरी नै पुस्तकहरूबारे प्रदर्शन गर्ने) राख्ने, लेख्ने कामका लागि चाहिने सामग्रीहरूको संग्रह राख्ने, गणित विषयमा गरिने खोजका लागि सामग्री राख्ने । (विभिन्न चिजविजको संग्रह, किनेर ल्याएको गणितका सामग्री, ब्लकहरू, हिसाब र गन्ति गर्न चाहिने सामनहरू, चित्र कोर्ने र नाप्ने औजारहरू गणितीय खोजबाट निस्केका कुराहरूको रेकर्ड राख्न चाहिने सामग्री) खेलहरूको सग्रह राख्ने(खेल/समस्यामूलक खेल, घरेलु खेल), विज्ञानका सामग्री र औजारलाई व्यवस्थित गरेर राख्ने, साामाजिक शिक्षाका चाहिने सामग्री, चित्र बनाउने कामका लागि चाहिने स्थानको व्यवस्था (चित्र बनाउन, रेखाहरू कोर्न, विभिन्न कुराहरू निर्माण आवश्यक पर्ने सामग्री) ब्लकबाट विभिन्न कुराहरू निर्माण गर्ने स्थान (अधिकारी, २०६७) ।

आज विज्ञान प्रविधिको विकाससँगै विभिन्न प्रकारका आधुनिक शैक्षिक सामग्री र क्रियाकलापको आवश्यकता र प्रयोग बढ्दै गएको पाइन्छ । हुनत रूसोको समय देखि नै तस्विरयुक्त पुस्तक एवम् खेल्ने सामग्रीको प्रयोगबाट बालबालिकाको मस्तिकलाई उत्तेजित पार्न सकिने र केटाकेटीले पनि धेरै कुराहरू छिट्टै र स्थायित्व रूपमा सिक्न सकिने कुरालाई महसुस गरिएको थियो तर २१ औं शताब्दिमा आएर पनि यस्ता कुरालाई शिक्षा क्षेत्रमा गम्भिरतापूर्वक प्रयोगमा ल्याउन नसक्नाले अपेक्षा गरेअनुरूप शिक्षामा खासै उपलब्धि प्राप्त गर्न सकिएको छैन । खास गरी अविकसित एवम् विकासात्मक देशमा यसतर्फ सोच्ने, बुझ्ने र शैक्षिक सामग्रीको निर्माण गर्न संस्था एवम् व्यक्तित्वको भने अझै कमि रहेको पाइन्छ (पाठक र लामा, २०६७) ।

सबैका लागि शिक्षा कार्यक्रमले सन् २०१५ सम्ममा सबै बालबालिकाले गुणात्मक प्राथमिक शिक्षा पाउनु पर्ने लक्ष्य किटान गरिएको छ । प्राथमिक शिक्षा कार्यक्रम वि.स. २०६२ मा बालमैत्रीपूर्ण वातावरणमा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ भन्ने उल्लेख गरिएको छ । बालबालिकालाईनै केन्द्रविन्दुमा राखेर सहज वातावरणमा मित्रवत व्यवहार गरेर मनोरञ्जनपूर्ण ढङ्गबाट बालमैत्री सिकाइ सामग्री तथा किताब कुना प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्दछ (ऐ.) ।

शिक्षा मन्त्रालयको मापदण्ड अनुसार एउटा विद्यालयलाई विद्यालय हुनका लागि न्यूनतम रूपमा कक्षाकोठा, शौचालय (छात्राका लागि बेग्लै) पाठ्यपुस्तक र सिकाइ सामग्री /बुक कर्नर आवश्यकता पर्दछ । स्तरीय सिकाइका लागि सहयोगी सामग्री प्रयोगको अवधारणा धेरै स्कुलमा

पुगेको छैन । शिक्षा विभागले एक वर्ष अगाडि जारी गरेको गुणस्तरीय शिक्षाको लागि विद्यालयहरूमा न्यूनतम सक्षमताको अवस्था सम्बन्धि मापदण्डमा विद्यालयको शिक्षण सिकाइ सम्बन्धि न्यूनतम र अपेक्षित मापदण्ड तय गरिएको छ । त्यो मापदण्डले एउटा स्कुलमा के कस्ता सिकाइ सामग्री र शैक्षिक पूर्वधार चाहिन्छ भन्ने स्पष्ट गरेको छ । स्कुलमा शिक्षकका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विशिष्टिकरण तालिका साहितको शिक्षण सामग्रीको ( बुक कर्नर) व्यवस्था गरिएको हुनुपर्दछ । स्तरीय पठनपाठनको लागि स्कुलमा छात्रछात्रालाई पाठ्यपुस्तक बाहेक सन्दर्भ सामग्रीको व्यवस्था गरिएको हुनुपर्दछ (विश्वकर्मा २०७०) ।

## १.२ समस्याको कथन

सामुदायिक विद्यालयहरूमा बालमैत्री विद्यालयको अवधारणा अनुरुप विद्यालयमा बालबालिकाहरूलाई रमाइलो बातावरण प्रदान गरी प्रभावकारी सिकाइमा गुणस्तर वृद्धि गर्न आर्थिक, भौतिक तथा शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्नु पर्ने आवश्यकता छ । विद्यालयहरूले उक्त कुराहरू अवलम्वन गरेता पनि विद्यालयमा उपलब्ध भएका बालबालिकाहरूको स्तर सुहाउँदो किताब, बाल सन्दर्भ सामग्री तथा पत्रपत्रिकाहरू छुट्टै पुस्तकालयको कुनामा तथा अफिस कोठामा थुपार्ने गरिएको पाइन्छ । कक्षाकोठामा नै राखिएता पनि प्रभावकारी व्यवस्थापन र प्रयोग नभएको पाइन्छ । सिकाई उपलब्धी झन गिर्दो अवस्थामा रहेकोले कक्षाकोठालाई सक्रियरूपमा खोज अनुसन्धान तथा प्रस्तुतिकरण गर्ने स्थान निर्माण गरे बालबालिकाहरूको सिकाइ उपब्धिमा वृद्धि हुन्छ ।

विद्यालयहरूमा किताब कुनाको व्यवस्था र प्रयोग कमै मात्रमा गरिएको छ । उपलब्ध भएका बाल पुस्तकहरू सही तरिकाले व्यवस्थापन नगरिएको, व्यवस्थापन गरिएता पनि उचित तरिकाले प्रयोग नगरिएको साथै सिकाइ उपलब्धि वृद्धि गर्न सहयोगी सामग्रीको रूपमा नलिइरहेको विद्यमान अवस्था रहेको पाउन सकिन्छ । गुणस्तरीय सिकाइ प्रदान गर्न प्रत्येक कक्षाकोठामा बाल पुस्तकालयको रूपमा किताब कुनाको व्यवस्था गर्नु आवश्यकता देखिन्छ । भाषिक सीप सुनाई,बोलाई, पढाइ र लेखाइका चार वटै पक्षामा विकास गर्नका लागि किताब कुनाको प्रयोगले सहयोग गर्नु पर्ने भएकाले प्रत्येक कक्षाकोठामा यसको सहि र बालबालिका तथा शिक्षकले तुरुन्त प्राप्त गर्न सक्ने गरी व्यवस्था गर्नु पर्ने जरूरी भएको पाउन सकिन्छ । विद्यालयमा कक्षाकोठा भित्र सिकाइ प्राप्त गर्नको लागि पाठ्यपुस्तकलाई मात्र सर्वोपरी ठानी घोक्ने र घोकाउने प्रवृति अझ सम्म पनि विधमान रहेकोले बालमैत्री सिकाइ अवधारणा अनुरुप रमाइलो बातावरण सिर्जना गरी दिगो सिकाइ प्रदान गर्न किताब कुनाको प्रयोगको चुनौति रहेको पाउन सकिन्छ ।

युनिसेफ, विश्वशिक्षा र शिक्षा मन्त्रालयको त्रिपक्षिय सहयोगमा बालमैत्री विद्यालयको अवधारणा अनुरूप विभिन्न पक्षको व्यवस्थापनसँगै प्रत्येक कक्षाकोठालाई बालमैत्री बनाई कक्षाकोठा भित्र किताब कुनाको व्यवस्थापनको अवधारणा जाहेर भएता पनि व्यवहारिक रूपमा कठिनाई उत्पन्न भई रहेको अवस्था पाइन्छ । विद्यालयमा कक्षाकोठाको आकार नमिल्दो हुनु, कक्षाकोठा भित्र पुस्तकहरू भण्डारन गर्ने ठाउँ नहुनु, बाल पुस्तकहरू तथा बाल सन्दर्भ सामग्रीहरू पर्याप्त नहुनु, बालबालिकाहरू सजिलौ पुग्न सक्ने गरी ऱ्याक, दराजहरू नहुनु जस्ता व्यवहारिक समस्याका कारण विद्यालयका कक्षाकोठामा किताब कुनाको व्यवस्थापन र प्रयोगमा कठिनाई उत्पन्न भएको अवस्था देखिन्छ ।

## १.३ अध्ययनको औचित्य

मानव समाजमा बालबालिकाहरू विकासका कर्णधार हुन । उनीहरूलाई प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप मार्फत दिगो सिकाइ प्रदान गर्न नसकिएको खण्डमा देश विकासको जग नै कमजोर रहन्छ । विद्यालयमा विभिन्न पक्षको व्यवस्थापनसँगै विद्यार्थीहरूले विद्यालयको समय सिमा भरी आफ्नो सम्पूर्ण समय विताउनु पर्ने कक्षाकोठालाई सक्रियरूपमा खोज, अनुसन्धान गर्ने स्थानको रूपमा निर्माण गर्नका लागि किताब कुना एक स-सक्त र प्रभावकारी माध्यम भएको हुँदा यसको प्रयोगमा सम्बद्ध सबै पक्षको सहयोग जरुरी छ । किताब कुनाको विकास, व्यवस्थान साथै सिकाइ उपलब्धीमा वृद्धि गर्न समेत यो शोधले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

पुस्तकहरूलाई संकलन गरेर कक्षाकोठामा भण्डारण गर्दैमा कुनै औचित्य रहदैन यसलाई प्रभावकारी ढङ्गबाट प्रयोग गरिनु अत्यावश्यक कार्य हो । उचित तवरले यसको प्रयोग गर्नु पनि शिक्षण कला हो । शिक्षण कला जति सान्दर्भिक हुन्छ त्यति नै सिकाइ प्रभावकारी बन्ने भएकोले शिक्षण सिकाई क्रियाकलापमा किताब कुनाको प्रयोगमा यो अध्ययनले मद्दत गर्ने छ । विद्यालयमा शैक्षिक नेतृत्व गर्ने प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदाय तथा शिक्षा प्रेमी सबैले किताब कुनाको प्रयोगलाई आत्मसात गरी निर्माण गर्नु पर्दछ । किताब कुनाको व्यवस्था भएका कक्षाकोठाहरूको किताब कुनाको व्यवस्थापनको अवस्था, यसको प्रयोग, बालबालिकामा यसले पारेको प्रभाव साथै सिकाइ उपलब्धिमा पारेको प्रभाव जस्ता मुद्दाहरू पत्तालगाई सुधार गर्ने कार्यमा प्रस्तुत अध्ययनको औचित्य रहेको छ ।

किताब कुनाको व्यवस्थापन कसले गर्ने हो विद्यालय आफैले, समुदायले वा राज्यले पुस्तकहरू तथा बाल सन्दर्भ सामग्रीहरू कहाँबाट संकलन गरेर ल्याउने, व्यवस्थापन गर्न चाहिने भौतिक सामग्रीहरूको स्रोत कसरी जुटाउने हो , किताब कुनाको सहि प्रयोग कसरी गर्न सकिन्छ,

शैक्षिक क्रियाकलापमा शिक्षक वा विद्यार्थी को बढी सक्रिय रहने, यसको प्रयोगले सिकाइ उपलब्धीमा कसरी सहयोग पुऱ्याउँछ भन्ने विद्यमान मुद्दाहरू रहेको अवस्थामा हाम्रो समाजमा किताब कुनाको चेतना सबैले थाहा पाइसकेको अवस्था पनि  छैन । यसको व्यवस्थापन र सही प्रयोग कसरी गर्ने र यसले सिकाई उपलब्धीमा कस्तो प्रभाव पार्दछ भन्ने पक्षहरूलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरू नितान्त आवश्यक देखिएकोले कक्षाकोठामा किताब कुनाको प्रयोगको पहिचान गरी प्रयोगमा देखिएका कमीकमजोरी पत्ता लगाई सिकाइ उपलब्धीमा यसले पारेको प्रभावको लेखाजोख गरी सुझावहरू प्रदान गर्न यो शोधपत्र तयार गरिएको छ ।  यस शोध अध्ययन किताब कुना व्यवस्थापनको अवस्था, प्रयोगको स्थिति र समस्या समाधान गर्ने उपायहरू साथै सिकाइमा पार्ने प्रभाव जस्ता पक्षहरू प्रस्तुत गरिने हुँदा किताब कुनाको व्यवस्थापनमा सहयोग पुऱ्याउने यस अध्ययनको महत्व रहने छ ।

विद्यालयमा रमाइलो र स्वतन्त्र वातावरणमा सिक्न पाउनु बालबालिकाको नैसर्गिक अधिकार भएको हुँदा सिकाइ उपलब्धिमा वृद्धि गर्न किताब कुनाले सहयोग प्रदान गर्ने भएको हुँदा आजको बदलिदो परिस्थितिमा समसामयिक विषयको रूपमा चर्चा चलिरहेको अवस्था छ । अन्य व्यवस्थापनको तुलनामा कक्षाकोठामा किताब कुनाको व्यवस्थापन र प्रयोग कम मात्रामा भएको हुँदा वैज्ञानिक ढंगबाट व्यवस्थापन गरिएका बाल पुस्तकहरू तथा बाल सन्दर्भ सामग्रीहरू बालबालिकाहरूले सहज रूपमा प्राप्त गरी पढ्ने सीप, परियोजनाको कार्य, लेखाई सीपको विकास, शब्दकोशको प्रयोग, नक्साको प्रयोग, चित्रलेखन सीपको विकास तथा बालबालिका आफैले किताब निर्माण गर्न सहयोग प्रदान गर्ने एक मात्र प्रभावकारी माध्यम किताब कुना हो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहने छन्

१. कक्षाकोठामा किताब कुनाको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोगको स्थिति पत्ता लगाउनु ।

३. किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव पत्ता लगाउनु ।

४. किताब कुनाको प्रयोगमा देखिएका समस्याहरू पहिचान गरी समाधान खोज्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययन अनुसन्धानमा उल्लेख गरिएका उद्देश्यहरू पूरा गर्नका लागि अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन् ।

१. कक्षाकोठामा किताब कुनाको वर्तमान अवस्था कस्तो छ ?

२. बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग कसरी गरिएको छ ?

३. किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

४. किताब कुनाले बालबालिकाको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

५. किताब कुनाको प्रयोगमा के कस्ता समस्याहरू छन् ?

६. किताब कुनाको अवस्था सुधार गर्न के के उपायहरू अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

कक्षाकोठामा किताब कुनाको प्रयोग र त्यसले सिकाइमा पारेको प्रभावलाई केन्द्रित मानि यस अध्ययनलाई अगाडि बढाइएको छ। धनकुटा जिल्लाको पाखिवास स्रोतकेन्द्र अन्तर्गत सान्ने गा.वि.स. वडा नं. ८ र पाखिवास गा.वि.स. वडा नं. ७ मा अवस्थित दुई विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूलाई मध्यनजर राखी विद्यालयको रेकर्ड, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूबाट प्राप्त सूचनाहरू साथै स्थलगत अवलोकनबाट प्राप्त जानकारीका आधारमा अध्ययन सिमीत गरिएको छ। कक्षाकोठामा किताब कुनाको प्रयोगको स्थिति र समस्याहरू पत्ता लगाई यसले सिकाइमा पारेको प्रभावको लेखाजोखा गरी प्रयोगमा देखिएका समस्याहरू समाधान गर्ने उपायहरू प्रदान गर्न यो अध्ययन सिमित गरिएको छ।

# परिच्छेद दुइ : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पठनपाठनको लागि अनुकुल र उपयुक्त भौतिक वातावरण, वालअधिकारको संरक्षण, स्वतन्त्र विचारको अभिव्यक्तिको व्यवस्था, आकर्षण र बालसुलभ कक्षाकोठालाई नै वालमैत्री कक्षाकोठाको परिभाषित गर्न सकिन्छ । बालमैत्री कक्षाकोठा भित्रको महत्वपूर्ण पक्षको रूपमा बालकेन्द्रित सिकाइ प्रक्रियालाई लिइन्छ । बालकेन्द्रित सिकाइ प्रक्रियामा बालबालिकाको स्तर, क्षमता, उमेर र रूचीलाई ध्यान पुऱ्याई सिकाइ क्रियाकलापहरू सञ्चालन गरिन्छ । खेल, गीत तथा चित्र बनाउने, अभिनय गर्ने जस्ता क्रियाकलापको आधारमा सिकाइ प्रक्रियामा स्वयं बालबालिकालाई नै सहभागिता गराएर पठनपाठन कार्य गरिन्छ । जसलाई किताब कुनाले सहयोग पुऱ्याउँछ (पाठक र लामा,२०६७) ।

बालमैत्री कक्षाकोठाको किताब कुनामा सबै शैक्षिक सामग्रीहरू महत्वपूर्ण हुन्छन् । कक्षाकोठामा त्यसको उपयुक्त स्थान रहेको हुन्छ भन्ने सन्देश बोकेको हुन्छ तर पनि यस कुरालाई विद्यार्थीहरूले स्वभाविक रूपमा बुझेर कक्षाकोठाका सामग्रीलाई जतन गरी प्रयोग गर्ने र यसलाई व्यवस्थित रूपले राख्ने काम नजानेका हुन सक्छन् । शिक्षकले विद्यार्थीहरूलाई क्रमबद्ध तरिकाले उपुक्त किसिमबाट सामग्रीहरू प्रयोग गर्ने र त्यस पछि त्यसलाई यथास्थानमा राख्ने पद्धति बताउनु पर्दछ (ऐ.) ।

विद्यालयलाई बालमैत्री बनाउनका लागि कक्षाकोठामा किताब कुनाको व्यवस्था हुनुपर्दछ । अझै पनि प्र.अ., शिक्षक, अभिभावक र छात्रछात्रा सतेमको बुझाइमा कक्षामा भेला भएर पाठ्यपुस्तकमा दिइएका विषयवस्तु पढ्नु नै शिक्षण अर्थत सिक्ने सिकाउने कार्य हो भनेर बुझ्ने गरिएको छ । पाठ्यक्रम अनुसारका शैक्षिक सामग्री व्यवस्था गरी कक्षामा प्रयोग गरिएको हुनु पर्दछ । बालसन्दर्भ सामग्रीहरू किताब कुनामा हुनु पर्दछ । बालबालिकाले दिगो सिकाई प्राप्त गर्न किताब कुनाको प्रयोग गरिएको हुनुपर्दछ (विश्वकर्मा,२०७०) ।

कक्षाकोठा पुस्तकालयको महत्व भनेको साक्षरता बढाउन मद्दत गर्दछ । बालबालिकालाई वरिपरि एकिकृत गर्न सहयोग गर्दछ । बालबालिकालाई धेरै समय किताब पढ्नमा रमाइलो बनाउँछ । दैनिक किताब पढ्ने र कुराकानी गर्ने बानीको विकास हुन्छ (न्यूमन, १९९९) ।

किताब कुनाको प्रयोगले बालबालिकालाई पढ्ने योजना बनाउन मद्दत गर्दछ, पढेका कुराहरू र कथाहरू एक अर्कामा आदान प्रदान गर्ने अवसर प्रदान गर्दछ । किताब कुना जहाँ सधै भरी उपलब्ध हुन्छ त्यहाँ बालबालिकाहरूलाई आत्म निर्भर बन्न प्रोत्साहन हुन्छ (स्कोटिस् लाइब्रेरी एण्ड इन्फरमेशन काउन्सील, २००९) ।

पुस्तकालयहरू विभिन्न प्रकारका हुन्छन् तिनीहरूवीच हुने फरक भनेकै आकार, उद्देश्य, वित्तिय, संरचनात्मक खाका लगायतका विशेषतामा हुने गर्दछ । व्यवस्थापनको दृष्टिकोणले पुस्तकालयहरू व्यवस्थापन शैली, कामदारको प्रकृति, संगठनात्मक अवस्था, उपलब्धीमूलक वातावरण जस्ता कुराहरूमा भिन्न हुन्छन् (कुमर एण्ड कुमार, १९९६, उद्धृत गिरी,२०६७ ) ।

किताबले बालबालिकामा पार्ने प्रभावलाई यसरी उल्लेख गरिएको पाइन्छ । प्राथमिक कक्षाको समयावधिमा शिक्षकहरूले बालबालिकाहरूलाई विभिन्न प्रकारका पढ्ने सामग्री चिनाउन सक्छन् । जस्तै, जनवारहरूका कथा, रहस्यमय कथा, परीहरूका वा काल्पनिक कथा र विज्ञानका किताबहरू । किताब पनि दु:खित बनाउने, हसाउने, आनन्ददायि, समस्यामूलक र रमाइलो हुनसक्छन् भन्ने कुरा पत्ता लगाउन शिक्षकहरूले बालबालिकालाई सघाउँन सक्छन् । विभिन्न किसिमका किताबहरू पढ्न र तिनकाबारेमा कुराकानी गर्दा किताबले पनि हामीलाई रूवाउन र हसाउन सक्ने रहेछ भन्ने कुरा बालबलिकाहरूले सिक्दछन् । किताबहरू डर देखाउने खालका र जानकारी मूलक हुन सक्छन् । किताबले हामीलाई अहिलेसम्म पत्ता नलागेका ठाउँमा लैजान सक्छ भन्ने कुरा उनीहरूले थाहा पाउँछन् । बालबालिकाहरूले अरूले पढेको सुन्न र आफैले पढ्न पनि मनपराउँछन् । कहिलेकाँही कुनै खास विषयमा लेखिएका किताबहरूले उनीहरूलाई बढी भन्दा बढी जानकारी खोज्न अथवा नौलो कुरा बनाउन प्रेरित गर्दछ । पढ्न रमाउने बालबालिकाहरू कथामा दिइएका विचारहरूमा चिन्तन गर्दछन् । त्यस्ता विचारहरूबारे उनीहरू प्राय: आफ्ना साथीहरू र परिवारका सदस्यहरूसँग मैले के पढी राखेका छु भन्ने बारे कुराकानी गर्दछन् । कक्षामा दिइएको कार्य गर्दा आफ्नो साथीसँग मिलेर पढेका किताबहरूबाट प्रतिक्रिया जनाउन बालबालिकाहरू उत्प्रेरित हुन सक्छन् । रूथ गानेटद्वारा लेखिएको “माइ फादर्श ड्र्यागन” भन्ने पुस्तकको अगाडि भएको चित्र कथा देखेपछि तिनका विद्यार्थीहरूले नक्साहरू भएको किताब खोजे । त्यस पछि उनीहरूले समुहमा एउटा रहस्यमय कथा तयार पारे यस कथामा उनीहरूले स्कुलको नक्सालाई पछ्याउँदै जाने क्रियाकलापलाई राखे (अधिकारी, २०६७)।

कक्षामा किताब कुनाका किताबहरू राख्ने बुककेस वा दराज नहुँदा के गर्ने ? यस्तो उल्लेख गरिएको छ । इट र काठको पट्टाले किताबहरू राख्ने दराज (बालबालिका निम्ति सुरक्षित हुन्छ वा हुदैन विचार गर्ने) बनाउन सकिन्छ । स्कुल प्रशासनले उपलब्ध गराउँछ कि भनेर सोध्ने । सस्तो किसिमको दराज किन्ने पैसा उठाउने । किताबहरू राख्न मिल्ने प्लाष्टिकका भाँडा वा क्यारेजहरू जुटाउने । अभिभावकहरूसँग कुनै अतिरिक्त दराज छ कि भनेर सोध्ने (ऐ.) ।

## २.२ सैद्धान्तिक खाका

यो अध्ययन अनुसन्धान कक्षाकोठामा किताब कुनाको प्रयोग र सिकाइसँग सम्बन्धित रहेकोले प्रयोग र सिकाई दुई पक्षको अध्ययन गरिने भएको हुँदा यी दुवै पक्ष सामाजिक संरचनाको सम्बन्धको रूपमा रहने भएकोले यससँग सम्बन्धित वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई आधार लिई शोध अध्ययन विश्लेषण गरिएको छ ।

वैज्ञानिक व्यवस्थापन भनेको मानिसहरूलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले त्यो काम राम्रो किफायती ढङ्गले सु-सम्पन्न गर्न सक्छन् भन्ने कुरा ठीकसँग जाँच्ने कला हो । वैज्ञानिक विधि अन्तरगत अवलोकन, मूल्याङ्कन परीक्षण र निचोडलाई जोड दिदै परम्परागत नियमको सट्टा वैज्ञानिक सोचाई, विरोधको सट्टा, सहिष्णुता, व्यक्तिवादिको सट्टा सहयोग, नियन्त्रित उत्पादको सट्टा सहयोग र प्रत्येक व्यक्तिमा उच्च स्तरीय कार्य दक्षता तथा समृद्धिको विकासका पक्षमा टेलरले जोड दिएको पाइन्छ (कोइराला र श्रेष्ठ, २०६६) ।

आफ्नो व्यक्तिगत अनुभव तथा कार्य स्थानमा देखेका, भोगेका व्यक्तिसँग पेशागत समस्य तथा जटिलतालाई औंल्याउँदै वैज्ञानिक व्यवस्थापन सिद्धान्तको विकास भएको छ । उनले विशेष गरी तल्लो तहका कामदारको समस्यालाई बढी जोड दिएका छन् । कामको वैज्ञानिक प्रक्रियाबाट छनोट र कामका आधारमा ज्यालाको भुक्तानी भएको खण्डमा स्वभाविक रुपमा कामदार कामप्रति उत्प्रेरित भई उत्पादकत्व बढाउने तर्फ केन्द्रित रहने धारणा राखेका छन् । त्यसैले संस्थामा काम गर्न कामदारको वैज्ञानिक प्रक्रियाबाट छनोट, तालिम सुविधाको व्यवस्था, काम गर्ने विधिमा सुधार गरी समयको गति तथा थकानलाई मिलान गरिनु पर्ने जस्ता पक्षलाई स्वभाविक रुपमा शिक्षण संस्थामा प्रयोग गर्न सकिन्छ । शिक्षण संस्थामा विशेष गरी अवैज्ञानिक प्रक्रियाबाट सेवामा प्रवेश गर्ने, प्रवेश गरे पश्चात सम्बद्ध विषय अध्यापनमा आवश्यक तालिमको अभाव हुनु, काम गर्ने वा शिक्षण सिकाई क्रियाकलापमा परम्परागत प्रणाली हुनु, बढी काम गर्ने र नगर्नेको विचमा कुनै किसिमको विभेदीकरण नहुनु आदि पक्षलाई हटाउनका लागि वैज्ञानिक व्यवस्थापन सिद्धान्त अत्यन्तै आवश्यक छ ।  जसले वैज्ञानिक प्रक्रियाबाट सेवामा प्रवेश गराउने, विषयवस्तुसँग सम्बद्ध वा विषयगत शिक्षक छनोट गर्ने, समयानुसार तालिमको व्यवस्थाको र कामको आधारमा पारिश्रमिकको व्यवस्था गरी शैक्षिक गुणस्तर हाँसिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ (थापा, २०६९) ।

कक्षाकोठा भित्र किताब कुनाको प्रयोग साधारण कार्य जस्तो लागेता पनि यो एक जटिल कार्य हो । कतिपय कक्षाकोठाहरू आवश्यक अनुसार साइज नमिलेको हुनसक्छन् । कहीँ विद्यार्थीहरूले खचाखच भरिएको अवस्थामा किताब कुनाको व्यवस्था गर्न कठिनाई पर्न जान्छ । कहीँ

भौतिक सुविधा अन्तर्गत फर्निचर तथा किताब राख्ने बुककेस, दराज तथा र्‍याकको अभाव साथै बाल पुस्तक तथा बाल सन्दर्भ सामग्रीहरूको अभाव रहेको पाइन्छ । वैज्ञानिक व्यवस्थापन अपनाएर सर्वप्रथम कक्षाकोठाको अवलोकन गरेर मूल्याङ्कन गरी सम्पूर्ण पक्षको परीक्षण पश्चात निचोड निकालि सहिष्णुताको भावना जागृत गरी सम्पूर्ण पक्षको सहयोगबाट यसको निर्माण गर्नु पर्ने र शिक्षामा उच्च स्तरीय कार्य दक्षता र समृद्धिको विकास गरी यसको प्रयोग गर्नु पर्ने आवश्यकता भएको हुँदा टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त यस अध्ययन अनुसन्धानका लागि छनोट गरिएको छ ।

किताब कुनामा संग्रह गरिएका किताबहरू विभिन्न प्रकारका हुन्छन् । जस्तै, कथा, चित्रकथा, कविता, घटनामा आधारित, चित्रलेखनमा सहयोग गर्ने । त्यस्ता किताबहरूबाट बालबालिकाहरूको कल्पना शक्तिको र धारणाको विकास हुन्छ । उनिहरूको मनमा विभिन्न तर्कहरू, दुविधाहरू सृजना हुने हुँदा जसबाट ज्ञान पैदा हुन्छ । स्मरण लामो समय सम्म रहिरहन्छ । बालबालिकाहरू स्वतन्त्रपूर्वक किताबहरू पढ्ने, लेख्ने, चित्र बनाउने कार्यमा संलग्न भएर समस्या समाधान गर्ने सीपको विकास हुन्छ । सृजनात्मक क्षमताको वृद्धि गर्ने कार्य किताब कुनाको प्रयोगबाट हुने र सिकाई उपलब्धीमा वृद्धि गर्ने प्रमुख आधार प्रदान गर्ने भएको हुँदा सामाजिक संस्थाको रूपमा रहेको विद्यालयको शैक्षिक स्थितिलाई सुधार गर्नको निमित्त किताब कुनाको अवलम्वन गर्नुपर्ने आवश्यकता देखिएकोले यो शोधपत्र अध्ययनमा यो सिद्धान्तहरूको आधार लिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक आधारहरूको सहयोगले किताब कुनाको प्रयोगको अवस्था र सिकाइमा पारेको प्रभावको लेखाजोखाको अध्ययनका लागि सहयोग पूर्याउँछ । सम्बन्धित साहित्यको आधारमा विद्यालयले बालमैत्री कक्षाकोठाभित्र किताब कुनाको व्यवस्थापन कसरी गर्ने गरिएको छ, व्यवस्थापन गर्दा चाहिने आवश्यक पुर्वधारका सामग्रीहरू के कसरी जुटाइएको छ, प्रयोग कसरी गरिने गरिएको छ र यसले सिकाइमा कस्तो प्रभाव पारेको छ पहिचान, लेखाजोखा र निष्कर्ष निकाल्नको लागि सहयोग प्रदान गर्नेछ । टेलरको सिद्धान्तले व्यवस्थापकिय प्रयोगको पक्ष र सिकाइको पक्षलाई अनुसन्धान गर्नको लागि धारणात्मक ढाँचा प्रदान गर्न सहयोग पुर्‍याउने छ ।

भौतिक पक्षमात्र सबल हुँदैमा सिकाइ उपलब्धि वृद्धि गर्न सकिदैन । शिक्षक कक्षाकोठामा पुगेर पढाएर मात्र हुदैन । विद्यार्थीको चाहना, इच्छा, समस्या पहिचान गर्दै विभिन्न शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्ने भएको हुँदा किताब कुनाको सान्दर्भिकतालाई शिक्षकले ख्याल गर्नु पर्ने

पक्षमा सम्बन्धित साहित्यको पूनरावलोकनबाट छर्लङ्ग हुने भएको हुँदा यस अध्ययनको प्रयासबाट किताब कुनाको प्रयोग र सिकाइ उपलब्धि वृद्धि गर्ने प्रयासमा थप सहयोग पूर्याउने छ । माथि उल्लेख गरिएका साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक आधारलाई केलाउदा किताब कुनाका विभिन्न अवस्था तथा अवधारणाहरू रहेको पाइन्छ । सिकाई सामग्री अन्तर्गत किताब कुनाको व्यापक आवश्यकता हुँदा हुदै पनि धेरै विद्यालयहरूमा कक्षाकोठामा यसको प्रयोगको अभाव छ भन्ने कुरा प्रष्टसँग उल्लेख गरिएको पाइन्छ । उल्लेखित साहित्यको आधारमा विद्यालयको ध्यान नपुगिरहेको यस पक्षको प्रयोग र यसले सिकाइमा पार्ने प्रभावको बारेमा यस अध्ययनले मद्दत पूर्याउने अपेक्षा गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानमा सम्पूर्ण प्रकृया तथा विस्तृत रूपको योजना नै अनुसन्धान पद्धति वा अध्ययन विधि हो जसको सहयोगबाट मात्र अनुसन्धान प्रकृया अगाडी बढाउन सकिन्छ। अनुसन्धानको प्रस्ताव तयार गर्ने देखि लिएर अध्ययन पूरा गर्दासम्म गरिने सम्पूर्ण कार्य र प्रकृयाहरूको यस खण्डमा संश्लेषण गरेर राखिएको छ। यस अध्ययन विधिले अनुसन्धान योजनाको कार्यान्वयन प्रकृयालाई पारदर्शी र स्पष्ट गर्ने गर्दछ। जुनसुकै शोधकार्यको लागि निश्चित अध्ययन विधिको आवश्यकता पर्ने भएकोले उक्त विधिको अवलम्वन गर्नुपर्ने आवश्यकता पर्दछ। उपयुक्त अध्ययन विधिको प्रयोगले मात्र सहि जानकारीहरूको विश्वसनियता र गुणस्तरियता थाहा पाउन सकिन्छ। यस शोध अध्ययनलाई पूरा गर्न संख्यात्मक तथा गुणात्मक विधिको छनोट गरी यिनै विधिहरू अनुसन्धानमा आधारित भई यसैको आधारमा तथ्याङ्कलाई प्रस्तुतिकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

## ३.१ अनुसन्धान ढाँचा

कक्षाकोठामा किताब कुनाको प्रयोग र त्यसबाट विद्यार्थीको सिकाइमा पार्ने प्रभावको अवस्था, समस्या र घटनाको व्याख्या विश्लेषण यस अनुसन्धानमा गरिने भएको हुँदा गुणात्मक अनुसन्धानले धेरै सहयोग प्रदान गर्ने भएकोले मुख्य रूपमा गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। किताब कुनाको व्यवस्थापनले सिकाईमा पारेको प्रभावको लेखाजोखा गर्न कक्षाकोठाको संख्या, विद्यार्थीको संख्या, शिक्षकको संख्या साथै सिकाई उपलब्धिको विश्लेषण गर्न परिमाणात्मक विधि समेत उल्लेख गर्नु पर्ने आवश्यकता भएको हुँदा गुणात्मक र परिमाणात्मक दुवै विधिहरूको प्रयोग गरिएकोले यो अध्ययनमा मिश्रीत ढाँचा प्रयोग गरिएको छ।

यस अनुसन्धान प्रकृयामा गुणात्मक साथै परिमाणात्मक दुवै विधिहरूको मिश्रीत ढाँचा प्रयोग गरी व्याख्यात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ। किताब कुनाको प्रयोगको अवस्था र सिकाइमा पार्ने प्रभावलाई लेखाजोखा गर्न माथि उल्लेखित ढाँचाले सहयोग प्रदान गर्ने भएकोले यस अनुसन्धानमा माथि प्रस्तुत विधिहरूलाई लिइएको छ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनोट

यस अध्ययन अनुसन्धानको लागि धनकुटा जिल्ला अन्तर्गतका १० वटा किताब कुना लागु भएका सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षकहरू, अभिभावकहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, प्र.अ. र स्रोतव्यक्तिलाई जनसंख्याको रुपमा लिइएको छ ।

धनकुटा जिल्ला अन्तर्गतका १० वटा किताब कुना लागु भएका सामुदायिक विद्यालय मध्येबाट पाखिवास स्रोतकेन्द्र अन्तरगतका २ वटा विद्यालयका कक्षा १-३ सम्म अध्ययन गर्ने १५/१५ जनाका दरले ३० जना विद्यार्थी, उक्त कक्षाहरूमा कक्षा शिक्षण गर्ने शिक्षकहरू ३/३ जना गरी ६ जना, प्र.अ. २ जना, वि.व्य.स.का अध्यक्ष २ जना, शिक्षक अभिभावक संघका अध्यक्ष २ जना, दुवै विद्यालयबाट २/२ जना गरी ४ जना अभिभावकहरू र १ जना स्रोतव्यक्ति समेत गरी जम्मा ४७ जनाको नमुना छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ ।

### ३.२.१ नमुना छनोट विधि

यो शोधपत्र अध्ययन अनुसन्धानको लागि अध्ययन कर्तालाई सहज, सरल र व्यवस्थित साथै तथ्याङ्क उपलब्ध गर्नलाई कठिनाई नहोस भनेर नमुना छनोट गर्दा उद्देश्य पूर्ण नमूना छनोट विधिलाई आधार मानि नमूना छनोट गर्ने कार्य सम्पन्न गरी अध्ययन अनुसन्धानलाई अगाडि बढाउने कार्य गरिएको छ ।

### ३.२.२ नमुना छनोटका आधारहरू

अध्ययन कार्यलाई सरल, सहज, तथ्यपरक, विश्वसनिय र वैध बनाउनका लागि नमूना छनोट गर्दा भौगोलिक क्षेत्र, तहगत अवस्था, सूचना प्राप्तिको विश्वासिलो आधार, समावेशी, यातायातको सुविधा, आर्थिक मितव्ययीता, आफ्नो कार्य क्षेत्रस्थल समेतलाई नमूना छनोटको आधार मानिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरू

यस अध्ययन अनुसन्धान सम्पन्न गर्नको लागि आवश्यक तथ्याङ्कहरूको आवश्यकता पर्ने भएको हुँदा उक्त तथ्याङ्क संकलन गर्नको लागि निम्न बमोजिम तथ्याङ्क संकलनका स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययन कार्यमा अनुसन्धान कर्ता स्वयम् छनोटमा परेका विद्यालयमा गई किताब कुनाको व्यवस्थापन र सिकाइमा पारेको प्रभाव सम्बन्धि विभिन्न पक्षको अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, छलफलको माध्यमबाट प्राथमिक स्रोत सङ्कलन गरिएको छ ।

### ३.३.२ सहायक स्रोत

प्र.अ.को अनुमति लिएर विद्यालयमा राखिएको तथ्याङ्क अभिलेखबाट आवश्यक पर्ने तथ्याङ्क साथै विभिन्न स्रोत सामग्री मार्फत सहायक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यो शोध अध्ययन अनुसन्धान पुरा गर्नको निमित्त विभिन्न तथ्याङ्कहरूको आवश्यक पर्ने भएको हुँदा उक्त तथ्याङ्कहरू संकलन गर्नको लागि निम्न बमोजिम तथ्याङ्क संकलनका साधनहरू प्रयोग गरिएको छ ।

### ३.४.१ खुल्ला प्रश्नावली

प्र.अ, शिक्षक तथा स्रोतव्यक्तिका लागि खुल्ला प्रश्नावलीहरू निर्माण गरी प्रश्नावली भराई किताब कुनाको प्रयोग र यसले सिकाइमा पारेको प्रभावको सूचना संकलन गरिएको छ । जसलाई अनुसूची १,२ र ३ मा राखिएको छ ।

### ३.४.२ अन्तर्वार्ता अनुसूची

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष साथै अभिभावकहरूलाई अन्तर्वार्ता अनुसूची निर्माण गरी प्रत्यक्ष जवाफ आउने गरी अनुसूची भर्ने काम गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । जसलाई अनुसूची ४ मा राखिएको छ ।

### ३.४.३ निर्देशिका प्रश्नावली

छनोटमा परेका विद्यार्थीहरूको लागि निर्देशिका प्रश्नावली निर्माण गरी उनीहरूलाई एकै ठाउँमा जम्मा गरी निर्देशिका प्रश्नावली भर्न लगाई आवश्यक सूचना तथा तथ्याङ्कहरू संकलन गर्ने कार्य सम्पन्न गरिएको छ । जसलाई अनुसूची ५ मा देखाइएको  छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकृया

यस शोधपत्र अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त गरिएको छ । यो अध्ययन गरिने क्रममा सर्वप्रथम विद्यालयका प्र.अ.लाई समय माग गरी समय अनुकुल भई सकेपछि प्र.अ. तथा छनोटमा परेका शिक्षक र विद्यार्थीहरूको स्वीकृतिमा पूर्व निर्धारित प्रश्नावली भर्न लगाई तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न गरिएको छ । वि.व्य.स.का अध्यक्ष, शिक्षकअभिभावक संघका अध्यक्ष र छनोटमा परेका अभिभावकहरूलाई एकै ठाउमा जम्मा गराई उनीहरूको स्वीकृति लिई अन्तर्वार्ता अनुसूची भर्ने काम गरी तथ्याङ्कहरू संकलन गर्ने कार्य गरिएको छ । सम्बन्धित स्थलको प्रत्यक्ष अवलोकन साथै प्र.अ.को स्वीकृति लिएर विद्यालय अभिलेखहरूबाट रेकर्डहरू अवलोकन गरी आवश्यक तथ्याङ्कहरू संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन अनुसन्धानको लागि सर्वप्रथम अनुसन्धानसँग सम्बन्धित तथ्याङककको लागि शोधपत्र, लेख, पुस्तक, प्रतिवेदन, पत्रपत्रिकाबाट सूचनाहरू संकलन गरिएको छ। अध्ययन कार्यसँग सम्बन्धित व्यक्ति, समूह, समुदाय संघ संस्थासँग प्रत्यक्ष भेटघाट गरी अध्ययनको उद्देश्य, औचित्य एवम् महत्वको बारेमा जानकारी प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ। अध्ययनलाई अगाडि बढाउनको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क उपलब्ध गराई दिने अनुरोध गरी प्रश्नावली, छलफल, भेटघाट अन्तर्वार्ताको माध्यम साथै स्थलगत अवलोकनबाट प्राप्त सूचनाहरू समावेश गरी अध्ययन अनुसन्धान अगाडि बढाउने कार्य गरिएको छ।

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई सम्पादन गर्ने कार्य गरिसकेपछि आवश्यकता अनुसार तथ्याङ्कलाई तालिकामा समेत राखि सिलसिलाबद्ध ढङ्गले उचित व्याख्या र विश्लेषण गरिएको छ। अन्तर्वार्ता र प्रश्नावलीको विवरणहरूलाई एकिकृत गरी तालिकिकरण गरी उद्देश्यको आधारमा तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्यात्मक रूपले प्रस्तुतिकरण गरिएको छ। कक्षाकोठामा किताब कुनाको स्थिति, व्यवस्थापनका समस्याहरू साथै व्यवस्थापनमा अपनाउन सकिने उपायहरूलाई प्राप्त तथ्याङ्कको आधारमा वर्णनात्मक वा व्याख्यात्मक रूपमा व्याख्या एवम् विश्लेषण गरिएको छ। किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्न विद्यार्थीको सिकाई उपलब्धिको विश्लेषण तथा विद्यालयबाट प्राप्त अभिलेख, तथ्याङ्कहरू तथा शिक्षक, अभिभावक र विद्यार्थीबाट प्राप्त सूचनालाई उद्देश्यको आधारमा वर्गिकरण, तालिकीकरण गरी संख्यात्मक तथा गुणात्मक विधिको समेत प्रयोग गरिएको छ। प्रश्नावली, अन्तर्वार्ता, कक्षाकोठा अवलोकनको माध्यमबाट प्राप्त प्राथमिक र विद्यालयको अभिलेख र स्रोतबाट प्राप्त सहायक दुवै तथ्याङ्कको आधारमा निर्ष्कष निकालिएको छ। प्राप्त जानकारीलाई प्रतिशतका आधारमा गणितीय तुलना समेत गरी व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार : नतिजाको छलफल

यस अध्ययन अनुसन्धानको लागि किताब कुनाको व्यवस्थापन गरी प्रयोग भएका श्री जनकल्यण निमा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि.लाई नमुना छनोटमा लिई अध्ययन अनुसन्धान गरिएको छ। दुवै विद्यालयहरू धनकुटा जिल्लाको पाखिवास स्रोतकेन्द्रमा रहेका छन्। बालबालिकाले रमाइलो वातावरणमा स्वतन्त्र रुपले सिक्न पाउने अवर प्राप्त गर्नका लागि धनकुटा जिल्लामा २०६९ सालमा पहिलो पटक परिक्षणको रुपमा १० वटा विद्यालयमा बालमैत्री शिक्षा लागू गरिएको छ। बालमैत्री लागु गरिएका विद्यालयमा किताब कुनाको व्यवस्था गरी प्रयोग गर्नु पर्ने व्यवस्था रहेको छ। दुवै विद्यालयहरू धनकुटा जिल्ला सदरमुकामको नजिकै रहे पनि शैक्षिक गुणस्तर प्रभावकारी नदेखिएकोले पाखिवास स्रोतकेन्द्रमा यी विद्यालयहरूमा बालमैत्री शिक्षा लागू गरी किताब कुनाको प्रयोग गरिएको पाइयो। शैक्षिक गुणस्तर वृद्धि गर्न परीक्षणको रुपमा यी दुवै विद्यालयमा किताब कुनाको प्रयोग गर्न युनिसेफ, विश्वशिक्षा र जिल्ला शिक्षा कार्यालयको सहयोगमा विद्यालयको पहलमा पूर्वधार निर्माण गरिएको देखियो। किताब कुनाको प्रयोग प्राथमिक तहको कक्षा १-३ मा प्रयोग भएको पाइयो। अध्ययनको क्रममा प्रयोग गरिएको प्रश्नावली, अन्तरवार्ता र छलफलको नजिताबाट प्राप्त सूचनाको आधारमा उक्त सूचनालाई उद्देश्य बमोजिम विभिन्न उपशीर्षकमा राखिएको छ। आवश्यकता अनुसार तालिकिकरण समेत गरि व्याख्या तथा विश्लेषण गरिएको छ। यो शोध अध्ययन पुरा गर्न प्रयोग गरिएको प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण शोधपत्रमा उल्लेख गरिएको छ। वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार शोध अध्ययनलाई विश्लेषण गर्ने कार्य गरिएको छ। किताब कुनाको व्यवस्थापन, प्रयोग र सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्ने कार्य गरिएको छ। विद्यालयमा गई अभिलेख विश्लेषण, शिक्षकलाई प्रश्नावली, अभिभावकलाई अन्तरवार्ता अनुसूची र विद्यार्थीहरूलाई निर्देशिका प्रश्नावली भराई समूहमा छलफल गरी तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न गरी निम्न शीर्षकहरूमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

## ४.१ कक्षाकोठामा किताब कुनाको वर्तमान अवस्था

कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्नको लागि छनोटमा परेका पाखिवास स्रोतकेन्द्र अन्तर्गतका श्री जनकल्याण नि.मा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि. मा शोध अध्ययन कार्य गरिएको छ। शोध अध्ययन पुरा गर्नको लागि प्रयोग गरिएका कक्षा क्रियाकलाप अवलोकन, तथ्याङ्क संकलनका सधानहरू खुल्ला प्रश्नावली, अन्तर्वार्ता अनुसूची,

निर्देशिका प्रश्नावली साथै प्रत्यक्ष अवलोकन, भेटघाट, छलफल तथा अभिलेखबाट प्राप्त सूचनाहरू लिइएको छ । व्यवस्थापनको अवस्था, किताब कुनाको प्रयोगको स्थिति, सिकाइमा पारेको प्रभाव तथा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू जस्ता पक्षहरूलाई समावेश गरी निम्न बमोजिम उपशीर्षकहरूमा विभाजन गरी छुट्टाछुट्टै रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ कक्षाकोठामा किताब कुनाको व्यवस्थापनको अवस्था

कक्षाकोठामा किताब कुनाको व्यवस्थापनको अवस्था पहिचान गर्नको लागि धनकुटा जिल्ला पाखिवास स्रोतकेन्द्र अन्तर्गत रहेका श्री जनकल्याण नि.मा.वि. सान्ने-८ र श्री ढुङ्गेधारा नि.मा.वि. पाखिवास ७ मा विश्वशिक्षा, यूनिसेफ र जिल्ला शिक्षा कार्यलयको त्रिपक्ष सहयोग र विद्यालयको पहलमा किताब कुना व्यवस्थापन भएका तीनवटा कक्षाकोठाहरूलाई स्थलगत भ्रमण तथा प्रत्यक्ष अवलोकन साथै प्रश्नावलीको आधारमा नतिजा प्राप्त भएको छ । प्राप्त नतिजा अनुसार कक्षा १,२ र ३ लाई छुट्टाछुट्टै कक्षाहरूमा किताब कुनाको व्यवस्थापन गरिएको पाइयो । प्रत्येक कक्षाकोठाको भित्ताहरूमा भित्ते लेखन तथा बाल सन्दर्भ चित्रहरू बनाएर सजावट गरिएको पाइयो । कक्षाकोठामा कार्पेट र म्याटहरू ओछ्याएर विद्यार्थीहरूलाई बस्नको लागि सजिलो बनाएको पाइन्छ । किताब कुना व्यवस्थापनको लागि बाल सन्दर्भ सामग्रीहरू संकलन गरि आवश्यक मात्रमा भौतिक सामग्रीहरूको व्यवस्था मिलाई वाल सन्दर्भ सामग्रीहरू उचित तवरले राख्ने प्रवन्ध मिलाएको पाइन्छ । जसलाई अझ स्पष्ट पार्नको लागि निम्न अनुसार विभिन्न शीर्षकहरूमा अधारित भई विश्लेषण गरिएको छ ।

#### ४.१.१.१ भौतिक व्यवस्थापन

विद्यालयमा किताब कुना प्रयोगको लागि भौतिक व्यवस्थापनको अवस्था प्राप्त गर्नको लागि स्थलगत भ्रमण गरि प्रत्यक्ष अवलोकन साथै प्रश्नावली र छलफलको माध्यमबाट प्राप्त सुचनाको आधारमा भौतिक सामग्रीहरूको विवरण संकलन गरिएको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरीएको छ ।

तालिका १ : भौतिक व्यवस्थापन

| विवरण | श्री जनकल्याण नि.मा.वि. | | | श्री ढुङ्गेधारा नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| दराज | | | १ | | १ | |
| टिनको वाकस | १ | १ | १ | १ | १ | १ |
| बुककेस | १ | १ | २ | १ | १ | १ |
| टेवल | १ | १ | २ | १ | २ | १ |

स्रोतः स्थलगत अध्ययन, २०७०

प्रश्नावली तथा छलफलबाट प्राप्त जानकारी अनुसार भौतिक सामग्रीहरू निर्माण तथा संकलनका स्रोत अर्न्तगत दुवै विद्यालयहरूमा दराज, बुककेस र टेवल विद्यालयको स्रोतबाट निर्माण गरिएको र टीनको बाकस विश्वशिक्षाले बाल सन्दर्भ सामग्री र अन्य शैक्षिक समाग्री सहित जिल्ला शिक्षा कार्यालय मार्फत उपलब्ध गराएको पाइन्छ। छनोटमा परेका दुवै विद्यालयका कक्षा १,२ र ३ को कक्षाकोठाहरूमा किताव कुना प्रयोगको लागि उक्त भौतिक सामग्रीहरूलाई विद्यार्थीहरूले सजिलै प्रयोग गर्न सक्नेगरी व्यवस्थापन गरिएको  पाइन्छ।

### ४.१.१.२ कक्षा क्रियाकलाप

छनोटमा परेका धनकुटा जिल्लाको पाखिवास स्रोतकेन्द्र अन्तर्गतका २ विद्यालयहरूमा किताब कुना लागु भएका कक्षा १-३ को कक्षा क्रियाकलापको अवस्थाको अवलोकन गरिएको छ। शिक्षक तथा विद्यार्थीले पाठको प्रकृति अनुसार किताब कुनाबाट किताबहरू प्रयोग गरेको पाइयो। दुवै विद्यालयहरूमा कक्षा अवलोकन गरिएको मध्ये एक एक घण्टीका क्रियाकलापहरू निम्न बमोजिम प्रस्तुत गरिएको छ।

श्री जनकल्यण नि.मा.वि. कक्षा ३ को तेस्रो घण्टी विज्ञान विषयमा सजिव र निर्जीव भन्ने पाठमा एक जना शिक्षिकाले सेतोपाटीमा शीर्षक लेखेर विद्यार्थीलाई जानकारी गराउनु भयो। यसरी शीर्षकको जानकारी गराए पश्चात विद्यार्थीलाई कस्ता वस्तुलाई सजीव र कस्ता वस्तुलाई निर्जीव भनिन्छ ? प्रश्न सोध्नु भयो। विद्यार्थीले पूर्व अनुभवको आधारमा उत्तर प्रस्तुत गरेपछि परिभाषाबाट प्रष्ट पारिदिनु भयो। अब यो पाठ किताब कुनामा भएका कुन किताबसँग मिल्छ भनेर शिक्षिकले प्रश्न गर्ने वितिकै विद्यार्थीहरूले चित्र भनेर उत्तर दिए। विद्यार्थीलाई चित्र तथा चित्र कथाका किताबहरू खोज्न लगाउनु भयो। विद्यार्थीहरू बस्ने ठाउँको देब्रेपटि राखिएको बुककेसबाट

विद्यार्थीहरूले नौवटा चित्रकथाका किताबहरू झिके । विद्यार्थीहरूद्वारा निर्मित गरीएका चित्रका किताब डोरीबाट ५ वटा विद्यार्थीहरूले झिके । उक्त क्रियाकलाप पश्चात शिक्षिकाले ४ / ४ जनाको समूह बनाई दिनु भयो । ४/४ जना विद्यार्थीहरू छुट्टाछुट्टै रुपमा कार्पेटिङ्ग गरिएको भुइमा बसे । मूल्याङ्कको रुपमा शिक्षिकाले सजिव र निर्जीवको टेबलको नमुना सेतोपाटीमा देखाए अनुसार चित्र हेरेर विद्यार्थीलाई छुट्याउन लगाउनु भयो । अन्त्यमा १० मिनेटको समयमा विद्यार्थीले लेखेका कापीहरू हेरी गल्तिभएको ठाउमा विद्यार्थीलाई समूहमा नै गई सुधार गरी बताई दिनु भयो र गृहकार्यको लागि प्रश्न दिनु भयो ।

त्यसैगरी श्री ढुङ्गेधारा नि.मा.वि. को कक्षा १ को दोस्रो घण्टीमा १ जना शिक्षिकाले गणित विषयको जोड सिकाउनको लागि हातमा साना साना लठ्ठीका ५०-६० वटा टुक्राहरू र एकबट्टा गुच्चा लिएर कक्षाकोठामा प्रवेश गर्नु भयो । दुई तीन दिन अगाडि देखिनै जोड सिकाउँदै गर्नु भएकोले आफ्न हामी के सिक्छौ भन्ने वित्तिकै विद्यार्थीले जोड सिक्छौ भनेर उत्तर बताए । शिक्षिकाले अब तिमीहरू जोड भएका किताब खोज्न सक्छौ भन्ने वित्तिकै ३ जना विद्यार्थी उठेर बुककेसबाट १/१ वटा गणितीय खेलका किताबहरू झिकेर ल्याए । ५/ ५ जनाको समूह बनेर तीन ठाउँमा बसेका विद्यार्थीले आफ्नो आफ्नो समूहमा किताब लिएर बसे । प्रत्येकको कापीमा गएर शिक्षिकाले जोडका समस्या दिनु भयो । जोडका समस्या दिए पछि लठ्ठीका टुक्रा र गुच्चाहरू प्रत्येक समूहमा दिनु भयो । विद्यार्थीहरूले गणितीय किताबको चित्रहरू हेरेर चित्र गन्दै तथा लठ्ठी र गुच्चा जम्मा पार्दै जोड गर्न थाले । शिक्षिकाले विद्यार्थीलाई सहयोग गर्नु हुदैं कक्षा क्रियाकलाप सम्पन्न भयो ।

यी माथिका दुवै क्रियाकलापबाट किताब कुनामा राखिएका किताबहरू शिक्षक तथा विद्यार्थीले अधिक रुपमा प्रयोग गरेको पाइयो । किताबहरूले शिक्षण सिकाइ क्रियाकलापलाई सहज बनाएको पाइन्छ । विद्यार्थीहरू अधिक समय किताब पढ्न र चित्र हेरेर रमाइलो गरेको पाइन्छ । यस शोध अध्ययन अगाडी बढाउनको लागि पुनरावलोकन गरिएको साहित्य बमोजिम भौतिक व्यवस्थापन अन्तर्गत किताब राख्ने बुककेस तथा दराज नहुदा के गर्ने सन्दर्भ अनुसार नै बुककेस, ऱ्याक, दराजको व्यवस्थापन गरिएको र विद्यार्थीहरू सजिलै पुग्न सक्ने गरी डोरी टाँगेर भए पनि सन्दर्भ सामग्रीहरू राखिएको पाइन्छ । कक्षा क्रियाकलाप वैज्ञानिक व्यवस्थापन अनुसार नै सञ्चालन गरेको पाइन्छ । पाठ्यक्रम विकास केन्द्रले विद्यालयको पठनपाठन प्रभावकारी तुल्याउन विद्यालयलाई के के चाहिन्छ भनेर उल्लेख गरे झै बाल सन्दर्भ सामग्रीहरू संकलन गरेको भेटाउन सकिन्छ । शोध अध्ययन पुरा गर्नको लागि आधार लिइएको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार वैज्ञानिक

सोचाइ र सहयोग साथै उच्च स्तरीय कार्य दक्षता अनुसार बाल सन्दर्भ सामग्री चाहेको समयमा तुरुन्त पाउन सकिने गरी व्यवस्थापन गरिएको पाइन्छ ।

### ४.१.१.३ बाल सन्दर्भ सामग्री

बाल सन्दर्भ सामग्रीको अवस्था पहिचान गर्नको लागि छनोटमा परेका कक्षाहरूको किताव कुनाको प्रत्यक्ष अवलोकन, विद्यालयमा रहेको वाल सन्दर्भ सामग्रीको अभिलेख साथै प्रश्नावलीको आधारमा प्राप्त विवरण अनुसार उक्त सन्दर्भ सामग्रीहरूलाई तालिकामा निम्न बमोजिक प्रस्तुत गरिएको छ ।

तालिका २ : बाल सन्दर्भ सामग्री

| वाल सन्दर्भ सामग्री | श्री जनकल्याण नि.मा.वि. | | | | | श्री ढुङ्गेधारा नि.मा.वि. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | जम्मा | प्रतिशत | कक्षा १ | कक्षा २ | कक्षा ३ | जम्मा | प्रतिशत |
| चित्रकथा | १० | ८ | ११ | २९ | २५.२२ | ९ | ८ | १० | २७ | २४.७७ |
| बाल कथा | ११ | १२ | १४ | ३७ | ३२.१७ | १० | ११ | १५ | ३६ | ३३.०३ |
| बाल कविता | ५ | ५ | ८ | १८ | १५.६५ | ५ | ५ | ५ | १५ | १३.७६ |
| गणितिय कथा /लेख | २ | ३ | २ | ७ | ६.०९ | २ | २ | ३ | ७ | ६.४२ |
| शिक्षक/ विद्यार्थीद्वारा निर्मित | ७ | ८ | ९ | २४ | २०.८७ | ६ | ८ | १० | २४ | २२.०२ |
| जम्मा | ३५ | ३६ | ४४ | ११५ | १०० | ३२ | ३४ | ४३ | १०९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तथ्याङ्क अनुसार दुवै विद्यालयमा चित्र कथा, बाल कथा, बाल कविता, गणितिय कथा/ खेल र शिक्षक विद्यार्थीद्वारा निर्मित सम्पूर्ण किताबहरूको सङ्ख्या उस्तै उस्तै पाइएको छ । दुवै विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने संस्था, जिल्ला शिक्षा कार्यलय र स्रोतकेन्द्र समेत एउटै रहेको छ । दुवै विद्यालयलाई किताब तथा बाल सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने संस्था एकै भएकोले पनि किताब सङ्ख्याहरू उस्तै उस्तै अनुपातमा रहेको भेटिन्छ । दुवै विद्यालयमा किताब कुना एकै पटक लागू गरिएको र समयावधि एउटै भएकोले पनि किताब कुनाका किताबहरूको सङ्ख्या दुवै विद्यालयमा उस्तै रहेको निष्कर्ष निकाल्न सकिन्छ । दुवै विद्यालयमा सवैभन्दा बढी बाल कथाका सामग्रीहरू र सवैभन्दा थोरै गणितिय सन्दर्भ सामग्रीहरू रहेको जानकारी हुन आउछ ।

गणितिय सन्दर्भ सामग्रीहरू र खेल सन्दर्भ सामग्रीहरूको संख्या थप गर्नुपर्ने आवश्यक देखिन्छ। बाल सन्दर्भ सामग्रीहरूको संकलन तथा निर्माणको बारेमा आवश्यक जनाकारीको लागि प्रश्नावली, छलफल तथा अभिलेखको आधारबाट प्राप्त निष्कर्ष अनुसार छनोटमा परेका दुवै विद्यालयका ३/३ ओटै कक्षाहरूलाई विश्वशिक्षा र यूनिसेफको सहयोगमा जिल्ला शिक्षा कार्यालयले ८४ वटाका दरले उपलब्ध गराएको पाइन्छ। जनकल्याण विद्यालय आफैले ७ वटा खरिद गरेको र ढुङ्गेधारा विद्यालयले १ वटा खरिद गरेको साथै विद्यार्थीहरूले बनाएको चित्र, अन्य रचनाहरूबाट उत्कृष्ट भएकाहरूलाई संकलन गरी शिक्षकले कभर पेज बनाई उपयुक्त शिर्षक दिई वाइन्डिङ्ग गरेर निर्माण गएिको दुवै विद्यालयमा २४ वटाको दरले सन्दर्भ सामग्रीहरू कक्षाकोठाको किताव कुनामा संकलन गरी प्रयोगका लागि राखिएको देखिन्छ। विद्यार्थीहरूका रचनालाई समेत सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्नाले विद्यार्थीको प्रतिभालाई समेत हौसला प्रदान गरेको ज्यादै सकारात्मक पक्षको रूपमा लिन सकिने आधार समेत पाउन सकिन्छ।

माथि तालिकामा प्रस्तुत गरिएको सन्दर्भ सामग्रीहरूलाई श्री जनकल्याण नि.मा.वि.मा कक्षा १ को स्थलगत अवलोकनबाट प्राप्त नतिजा अनुसार कक्षाकोठामा विद्यार्थीहरूलाई बस्ने प्रबन्ध मिलाइएको ठाउँभन्दा पछाडीपट्टी राखिएको बुककेसको पहिलो तलाको एउटा भागमा चित्र कथा र अर्को भागमा बाल कथाको किताबहरू राखेको देखियो। दोस्रो तलामा बाल कविता र गणितिय कथा / खेलका किताबहरू मिलाएर राखेको पाइन्छ। सोहि स्थानको माथिबाट विद्यार्थीहरू पुग्न सक्ने गरी २ ओटा डोरीहरू टाँगेर शिक्षक तथा विद्यार्थीहरूद्वारा निर्मित किताबहरू तथा नक्साहरू राखिएको पाइयो। सेतो पाटीको नजिकै कुनामा राखिएको टीनको वाकस भित्र शिक्षक सहयोगी सामग्री तथा अन्य शैक्षिक सामग्रीहरू व्यवस्थापन गरी राखिएको र शिक्षक तथा विद्यार्थीहरूले निर्माण गर्दै गरेका सामग्रहिरूलाई टेवलमाथि राखिएको पाइन्छ। कक्षा २ मा पनि कक्षा १ मा जस्तै रखाइको व्यवस्थापन अपनाइएको पाइन्छ। चित्रकथा र बालकथाका किताबहरू बुककेसको तल्लो तलामा र माथिल्लो तलामा बाल कविता र गणितिय कथा/खेलका किताबहरू राखिएको पाइन्छ। दुइवटा डोरीमा नक्सा र शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सन्दर्भ सामग्रीहरू राखेको देखियो। टीनको बाकसमा शिक्षक सहयोगी सामग्री तथा अन्य शैक्षिक सामग्रीहरू राखिएको देखिन्छ। टेवलमाथि शिक्षक तथा विद्यार्थीले बनाउँदै गरेका सम्पूर्ण निर्मित नभइसकेका सामग्रीहरू राख्ने गरेको देखिन्छ। त्यस्तै कक्षा ३ मा पनि बुककेसमा चित्रकथा र बालकथाका किताबहरू तल्लो तलामा साथै माथिल्लो तलामा बाल कविता र गणितिय कथा/खेलका किताबहरू राखिएको पाइन्छ। दुइवटा डोरीमा नक्सा र शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सन्दर्भ सामग्री साथै टीनको

बाकसमा शिक्षक सहयोगी सामग्री तथा अन्य शैक्षिक सामग्रीहरू राखिएको देखिन्छ । टेवलमाथि शिक्षक तथा विद्यार्थीले बनाउँदै गरेका सम्पूर्ण निर्मित नभइसकेका सामग्रीहरू राख्ने गरेको देखिन्छ ।

स्थलगत अवलोकनबाट प्राप्त नतिजा अनुसार श्री ढुङ्गेधारा नि.मा.वि.को कक्षा १ को कक्षाकोठा कार्पेटिङ्ग गरी अगाडि पटी विद्यार्थीलाई बस्ने प्रबन्ध मिलाएको पाइयो । बस्ने ठाउँ भन्दा पछाडी पटि राखिएको बुककेसमा चित्रकथा, बाल कथा, बाल कविता र गणितिय खेल/ कथाका किताबहरू छुट्टाछुट्टै मिलाएर राखेको पाइन्छ । विद्यार्थीहरू बस्ने प्रबन्ध मिलाएको ठाउँ भन्दा दाहिने पटि कुनामा राखिएको बाकस भित्र शिक्षक सहयोगी सामग्री साथै खेलका सामग्रीहरू राखिएको पाइन्छ । सेतोपाटीको छेउमा राखिएको टेवल माथि विद्यार्थीहरूबाट निर्माण गर्दै गरेका सन्दर्भ सामग्रीहरू र बस्ने ठाउँ भन्दा पछाडि पटि विद्यार्थी पुग्न सक्ने गरी टागिएको डोरीमा शिक्षक/ विद्यार्थीद्वारा निर्मित सन्दर्भ सामग्रीहरू साथै नक्साहरू झुन्डाएर राखेको पाइन्छ । कक्षा २ मा पनि कक्षा कोठामा कार्पेटिङ्ग गरी अगाडि पटी विद्यार्थीलाई बस्ने प्रबन्ध मिलाएको ठाउँ भन्दा पछाडी पटि राखिएको बुककेसमा चित्र कथा, बाल कथा, बाल कविता र गणितिय कथा/ खेलका सन्दर्भ सामग्रीहरू राखिएको छ । टिनको बाकसमा शिक्षक सहयोगी सामग्री, डोरीमा नक्सा र चार्टहरू राखिएको देखिन्छ । टेबल माथि विद्यार्थीहरूले निर्माण गरेका उत्कृष्ट भएका चित्रहरू राख्ने गरेको भेटाइन्छ । कक्षा ३ मा पनि कक्षा १ र कक्षा २ मा जस्तै विद्यार्थीहरू बस्ने ठाउँको देब्रेपटि राखिएको बुककेसमा चित्रकथा, बालकथा, बाल कविता र गणितिय कथा/ खेलका किताबहरू राखिएको पाइन्छ । सेतोपाटीको नजिकै राखिएको टीनको बाकस भित्र खेलका सामग्री र शिक्षक सहयोगी पुस्तकहरू राख्ने गरेको साथै डोरीमा नक्सा, चार्ट र शिक्षक/ विद्यार्थीद्वारा निर्मित सन्दर्भ सामग्रीहरू र टेबल माथि शैक्षिक सामग्रीहरू राख्ने गरेको देखिन्छ ।

## ४.२ बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोगको स्थितिको जानकारी लिनको लागि प्र.अ. शिक्षक तथा विद्यार्थीलाई किताब कुनाको प्रयोग गर्नु हुन्छ भनी सोधिएको प्रश्नावलीको आधारमा किताब कुना प्रयोग गर्ने तरिकाको नतिजालाई एकिकृत गरी निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

| क्र.स. | प्रयोग कर्ता | जम्मा सहभागी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | शिक्षकले गर्ने | प्र.अ. २ जना | २ जना | १००% |
| | | शिक्षक ६ जना | ६ जना | १००% |
| | | विद्यार्थी ३० जना | २४ जना | ८०% |
| २. | विद्यार्थीले गर्ने | प्र.अ. २ जना | २ जना | १००% |
| | | शिक्षक ६ जना | ६ जना | १००% |
| | | विद्यार्थी ३० जना | २६ जना | ८६.६६% |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अनुसार शिक्षण सिकाई क्रियाकलापमा किताब कुनाको प्रयोग शिक्षकले गर्ने गएिको छ मा प्र.अ. २ जना मा पूर्ण सहमत अर्थात १००% सहमत, शिक्षक ६ जनामा ६ नै जना सहमत अर्थात १००% नै सहमत त्यस्तै ३० जना विद्यार्थीहरूमा २४ जना अर्थात ८०% विद्यार्थीहरू सहमत रहेको पाइन्छ । शिक्षण सिकाइ क्रियाकलापमा किताबकुनाको प्रयोग विद्यार्थीले गर्ने गरिएको छ भन्ने सन्दर्भमा प्र.अ. २ जनामा पूर्ण सहमत अर्थात १००% सहमत, शिक्षक ६ जनामा ६ नै जना सहमत अर्थात १००% नै सहमत त्यस्तै ३० जना विद्यार्थीमा २६ जना अर्थात ८६.६६% विद्यार्थीहरू सहमत रहेको पाइन्छ । उक्त तथ्याङ्कअनुसार शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा शिक्षक र विद्यार्थी दुवै पक्षले किताब कुनाको प्रयोग गरिएको निष्कर्ष निकाल्न सकिन्छ ।

कक्षा अवलोकनबाट प्राप्त जानकारी अनुसार विषयगत रूपमा किताब कुनाको प्रयोग भएको पाइयो । नेपाली विषयमा पाठको स्वरूप अनुसार कविताको पाठ भए किताब कुनाबाट कविताकै किताबहरू झिकेर शिक्षकले लय समेत हालेर विद्यार्थीलाई सुनाउने र विद्यार्थीलाई पनि लय हालेर भन्न लगाएको पाइयो । कथाको पाठ भए कथाकै किताबहरू शिक्षकले पढेर सुनाउने विद्यार्थीलाई पनि पढ्न लगाउने गरेको देखियो । विज्ञान विषयमा हाम्रो वरपर रहेका रहेका जीव जनावरहरूको पाठ भए चित्र भएका किताबहरू विद्यार्थीलाई खोज्न लगाई बालबालिकाहरूले आफूले चिनेजानका जीव जनावारहरूको सूची तयार पार्न लगाएको भेटियो । सजीव तथा निर्जीव भन्ने पाठ भए चित्रका किताबहरूबाट सजीव र निर्जीवहरू छुट्याएर लेख्न लगाएको पाइन्छ ।
बोटविरूवाहरूको पाठहरू भए किताबमा भएका र विद्यालयको वरपर रहेका बोटविरूवाहरू हेरी लेख्न र भन्न लगाएको पाइयो । सामाजिक विषयमा छरछिमेक, घरपरिवारको बारेमा विद्यार्थीलाई

जानकारी दिनको लागि सोही विषयवस्तुसँग मिल्ने कथा तथा चित्रका किताबहरू प्रयोग गरेको पाइयो । सामाजिक विषय अन्तर्गत स्वास्थ्य विषयमा खेलसँग र सरसफाईसँग सम्बन्धित किताबहरू शिक्षक तथा विद्यार्थी दुवैले प्रयोग गरेको पाइयो । गणित विषयमा गणितय खेल भएका र चित्रका किताबहरू प्रयोग गर्ने गरेको देखियो । अंग्रेजी विषयमा अंग्रेजीमा नै लेखिएका बालपुस्तकहरू विद्यार्थीलाई पढ्न दिएको पाइएको छ ।

### ४.२.१ भाषिक सीप विकास

विद्यार्थीको भाषिक सीप विकासमा किताब कुनानको प्रयोगको स्थिति पत्ता लगाउनको लागि विद्यालयका प्र.अ., कक्षा शिक्षण गर्ने शिक्षिकाहरू साथै विद्यार्थीलाई सोधिएको प्रश्नावली तथा छलफलको आधारबाट प्राप्त जवाफलाई एकिकृत गरी निम्न बमोजिम तालिकिकरण गरी राखिएको छ ।

तालिका ४ : भाषिक सीप विकास

| क्र.स. | भाषिक सीप | प्रयोग गर्ने तरिका |
|---|---|---|
| १. | सुनाई | १. शिक्षकले पढि विद्यार्थीलाई सुन्न लगाउने ।<br>२. कुनै एक विद्यार्थीलाई पढ्न लगाई अरूलाई सुन्न लगाउने । |
| २. | बोलाई | १. सोधिएको प्रश्नको जफाव लिने<br>२. विद्यार्थीले जानेको कथा, कविता, घटना भन्न लगाउने ।<br>३. छलफल गर्ने |
| ३ | पढाई | १. मौन वाचन<br>२. स-स्वर वाचन |
| ४. | लेखाई | १. चित्रलेखन<br>२. कथा लेखन<br>३. अनुच्छेद लेखन<br>४. अंक सम्बन्धि लेखन<br>५. शारांस लेखन |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अनुसार विद्यार्थीमा सुनाई सीपको विकास गर्नका लागि किताब कुनामा भएका विभिन्न किताबहरू विषयको प्रकृतिअनुसार शिक्षकले लय समेत हालेर पढ्ने र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउने साथै कुनै एक विद्यार्थीलाई पढ्न लगाई अरुलाई सुन्न लगाउने जस्ता तरिकाहरू प्रयोग गरेको पाइन्छ । विद्यार्थीहरूको बोलाई सीपको विकासको लागि किताब कुनाबाट प्रयोग गरिएका किताबहरूको आधारमा उनीहरूलाई सुहाँउदिला प्रश्न सोधि जवाफ लिने, उनीहरूले जानेका कथा, कविता तथा घटनाहरू भन्न लगाउने साथै शिक्षक विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी

बीच छलफल गर्ने गरेको पाइन्छ । बालबालिकाहरूको पढाई सीप विकास गर्नको लागि विभिन्न कथा, कविता, चित्र तथा खेल कथाका किताबहरूलाई मौन वाचन र स-स्वर वाचन गराउने गरेको पाइन्छ । उनीहको लेखन सीप विकासको लागि चित्र लेखन, कथा लेखन, अनुच्छेद लेखन, अंक/खेल सम्बन्धि लेखन तथा शारांस लेखन जस्ता कार्यहरू अगाडी बढाउने गरेको तथ्य पत्ता लगाउन सकिन्छ । यसरी लेखन कार्यमा उत्कृष्ट भएका रचनाहरूलाई संग्रह गरेर कक्षा शिक्षण गर्ने शिक्षिकाले उपयुक्त शीर्षक दिई बाइन्डिङ्ग समेत गरेर किताब निर्माण गर्ने गरेको जानकारी समेत पाउन सकिन्छ । यसरी किताब कुनाको प्रयोगको स्थिति विद्यार्थीको भाषिक सीप विकासको लागि सन्तोषजनक रहेको पाइएता पनि बालबालिकाको सर्वाङ्गीण पक्षको विकासको लागि किताब कुनाको प्रयोग हुनु पर्ने नितान्त आवश्यक देखिन्छ ।

किताब कुना प्रयोगको अवस्थाको कक्षा अवलोकनबाट निकालिएको निष्कर्ष अनुसार आवज निकालेर पढ्ने कर्यमा विद्यार्थीहरूको स्तर अनुसारको अध्ययन गर्ने पुस्तकको छनोट गर्न लगाउने । सबैले सबैलाई देख्ने गरी बसाइको व्यवस्था मिलाउने । आवरण पृष्ठमा भएको पुस्तकको नाम, लेखकको नाम बताउने र चित्रबारे छलफल गर्ने । शिक्षकले शुद्ध, स्पष्ट र सुस्त किसिमबाट वाचन गर्ने । बीचबीचमा आएको चित्रहरू विद्यार्थीलाई राम्रोसँग देखाउँदै चित्रको बारेमा छलफल गर्ने । बीचबीचमा के भयो रे ? अब के होला ? तिमीहरू भए के गर्थ्यौ ? सान्दर्भिक प्रश्नहरू गर्दै जाने । शिक्षकले वाचन गरे अनुसार सबैलाई पालै पालो वाचन गर्न लगाउने गरेको पाइयो ।

आवज ननिकाली पढ्ने कार्यमा विद्यार्थीलाई मन परेका पुस्तकहरू किताब कुनाबाट छान्न लगाउने । आवाज ननिकाली कुनै पाठ पढ्न लगाउने । पाठमा आएका नयाँ शब्दहरू कापीमा टिप्न लगाउने पाठमा भएका चित्रहरू अध्ययन गर्न लगाउने । अध्ययन गर्दा के के चित्र हो ? कस्तो रङ्ग छ ? के को बारेमा छ? हेर्न लगाउने । पाठमा भएको विषयवस्तुको आधारमा चित्र बनाउन लगाउने । प्रश्नोत्तर गर्न लगाउने । पढेको पाठको सार लेख्न लगाउने । लेखेको सार पालै पालो भन्न लगाउने । लेखेको सार कक्षाकोठामा टाँस्न लगाउने गरेको देखियो ।

परियोजना कार्यको लागि कुन विषमया परियोजना कार्य गर्नु पर्ने हो उक्त विषय तोकि दिने । परियोजना कार्यको  उद्देश्य स्पष्टसँग बताउने । कति समयमा काम सक्नु पर्ने हो बताउने । परियोजना कार्य गर्दा आवश्यक जानकारी चाहिएमा कोसँग कहाँ सम्पर्क राख्ने तथा कोसँग अन्तरवार्ता गर्ने हो शिक्षकले बताउने । परियोजना कार्य गरेपछि के फाइदा भयो किटान गर्न लगाउने । समूहले गर्नु पर्ने परियोजना कार्य भए समूहका प्रत्येक सदस्यलाई समय तोकी कामको बाँडफाँड गरी जिम्मा दिने । सबैले पुरा गरेर ल्याएको कामलाई क्रमानुसार मिलाएर राख्न लगाउने

। परियोजना कार्य प्रस्तुती सबै विद्यार्थीको अगाडी गर्न लगाउने । परियोजना कार्य पुरा भए पछि तयारी कर्ताको नाम राख्न लगाई किताबको रूपमा तयार गराउने र उक्त परियोजना कार्यको किताबलाई किताब कुनामा राख्ने जस्ता कार्यहरू गर्ने गरेको पाइयो ।

लेखाइ सीपको विकासमा किताब कुनामा अध्ययन गर्दा फेला परेका मुख्य शब्द वा वाक्यहरूलाई ठाउँ छोडाई, वाँन्की, बराबरी आकार, हरफ मिलाई लेख्ने बानी बसाल्न हस्त लेखन अभ्यास गराउने । किताब कुनामा पढेका मुख्य अनुच्छेदलाई जस्ताको त्यस्तै सार्न लगाउने । शिक्षकले भनेको, छलफल भएका अरुले पढ्दा सुनेका कुरालाई क्रमबद्ध रूपमा सुनेको आधारमा श्रुतिलेखन गराउने । पाठमा पढेको कथा, कविता, लेख आदिको आधारमा त्यस्तै ज्ञान सीप भएमा सो सम्बन्धी अनुभवहरू लेख्न लगाउने । पढेका, सुनेका, कुराहरूलाई सांराश लेख्न लगाउने । प्रश्नका उत्तरहरू लेख्न लगाउने गरेको पाइयो ।

शब्दकोषको प्रयोगमा अर्थ खोज्न, शब्दभण्डार वृद्धि गर्न, शुद्धाशुद्धिको ज्ञान र प्रयोग गर्न, उच्चारण गर्न, शब्दको सहि हिज्जे पत्ता लगाउन, शब्दको छोटकरी रूप पत्ता लगाउन किताब कुनाको प्रयोग गरेको पाइयो ।

विद्यार्थीहरू आफैले किताब कुनाको प्रयोग गर्ने र उनीहरूले पूर्व अनुभवको आधारमा नयाँ कुरा र त्यसको सम्बन्ध पत्ता लगाई मनमा जागृत भएका प्रश्न, दुविधाहरूको छलफल तथा व्याख्या गर्ने । उनीहरू आफै सकृय सहभागी भई प्रेरणा, स्वतन्त्रता, दायित्व र स्वनिर्भरता, सृजनात्मक क्षमताको वृद्धि भएको स्पष्ट देखिएकाले यस शोध अध्ययन आगडि बढाउनको लागि आधार लिइएको वैज्ञानिक व्यवस्थापन सिद्धान्त बमोजिम किताब कुनाको प्रयोगबाट विद्यार्थीको सिकाइ हुने कुरा स्पष्ट पाउन सकिन्छ ।

## ४.३ कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभाव

छनोटमा परेका पाखिवास स्रोतकेन्द्र धनकुटाको श्री जनकल्याण नि.मा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि. मा शैक्षिक वर्ष २०६९ देखि कक्षा १,२, र ३ का कक्षाकोठामा किताब कुनाको प्रयोग भएको हुँदा सिकाई उपलब्धिमा यसले पारेको प्रभावको लेखाजोखा गरिएको छ । कक्षाकोठामा किताब कुनाको प्रयोग हुनु भन्दा आगडी दुई शैक्षिक वर्ष र किताब कुना प्रयोग भएको शैक्षिक वर्षलाई आधार मानि विद्यालयको अभिलेख तथा प्रश्नावली र छलफलको माध्यमको आधारमा कक्षा १,२ र ३ को सिकाइ उपलब्धिको लेखाजोखा गरिएको छ ।

### ४.३.१ कक्षा १ को नतिजा

कक्षकोठामा किताब कुनाको प्रयोग भएपछि यसको प्रयोगबाट कक्षा १ को विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गरिएको छ । किताब कुना प्रयोग हुनु भन्दा अगाडि र प्रयोग भई सकेपछि नेपाली, गणित र अंग्रेजी विषयको विषयगत औषत सिकाई उपलब्धिलाई आधार लिई विद्यालयको अभिलेखलाई विश्लेषण गर्दा पाइएको तथ्याङ्कलाई निम्नबमोजिम तालिकामा देखाइएको छ ।

तालिका ५ : कक्षा १ को नतिजा

| विषय | श्री जनकल्याण नि.मा.वि. | | | श्री ढुङ्गेधारा नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क ( प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क (प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) |
| | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ |
| नेपाली | ३८.२५ | ५६.९२ | ६५.५० | ६२.० | ५७.८० | ७०.० |
| गणित | ३८.७५ | ५६.७६ | ६३.१२ | ६०.४० | ५३.८० | ६६.३३ |
| अंग्रजी | ३७.१६ | ६१.८४ | ६८.७५ | ६१.२० | ५३.८० | ७०.६६ |

स्रोत :विद्यालय अभिलेख,२०६९

माथिको तालिका हेर्दा जनकल्याण नि.मा.वि.मा २०६७ सालको तुलनमा नेपाली, गणित र अंग्रेजी तीनवटै विषयको सिकाइ उपलब्धि २०६९ सालमा वृद्धि भएको साथै २०६८ सालको तुलनामा पनि २०६९ सालमा तीनवटै विषयको औषत सिकाइ उपलब्धि वृद्धि भएको पाइन्छ । २०६९ साल देखि किताब कुनाको प्रयोग भएको हुँदा किताबकुनाको प्रयोगले कक्षा १ को सिकाइ उपलब्धिमा वृद्धि भएको पाइन्छ । माथिको तालिकाअनुसार श्री ढुङ्गेधारा नि.मा.वि.मा २०६७ सालको तुलनामा नेपाली, गणित र अंग्रेजी तिनवटै विषयको सिकाइ उपलब्धि २०६९ सालमा वृद्धि भएको साथै २०६८ सालको तुलनामा पनि २०६९ सालमा जनकल्याण नि.मा.वि.मा जस्तै यस विद्यालयमा पनि तीनवटै विषयको औषत सिकाइ उपलब्धि वृद्धि भएको भइको छ । २०६९ साल देखि किताब कुनाको प्रयोग भएको हुँदा किताब कुनाको प्रयोगले कक्षा १ को सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ । किताब कुनाको प्रयोगले छनोटमा परेका दुवै विद्यालयहरूमा कक्षा १ को समग्र औषत सिकाइ उपलब्धि वृद्धि भएको पाइएको हुँदा किताब कुनाको प्रयोग प्रभावकारी देखिएको छ ।

तालिममा पाएको ज्ञानलाई टेलरको वैज्ञानिक व्यवस्थापनलाई शिक्षणमा उपयोग गर्ने सन्दर्भ अनुसार नै कक्षा शिक्षण गर्ने शिक्षिकाहरूले प्रयोग गरेकोले किताब कुना लागु हुनु भन्दा अगाडिको विषयगत औषत किताब कुना लागु भए पछि वृद्धि भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.२ कक्षा २ को परीक्षाफल

कक्षा २ को कक्षाकोठामा किताब कुना प्रयोग भए पछि यसको प्रयोगबाट सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्न किताब कुना प्रयोग हुनु भन्दा आगाडिका शैक्षिक वर्ष २०६७ र २०६८ साथै किताब कुना प्रयोग भएको शैक्षिक वर्ष २०६९ लाई आधार लिइएको छ । नेपाली, गणित र अंग्रेजी विषयको परीक्षाफल औषत सिकाइ उपलब्धि विद्यालयको अभिलेख अनुसार प्राप्त जानकारीलाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

तालिका ६ : कक्षा २ को परीक्षाफल

| विषय | श्री जनकल्याण नि.मा.वि. | | | श्री ढुङ्गेधारा नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क ( प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क (प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) |
| | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ |
| नेपाली | ४०.२१ | ६३.०८ | ६५.३७ | ५८.५० | ४३.७८ | ६०.३३ |
| गणित | ३९.४३ | ६१ | ५७.३७ | ५९.२५ | ५२.८५ | ५४.० |
| अंग्रजी | ३३.८२ | ७३.४१ | ७५.८७ | ४९.५० | ५५.३५ | ५९.८८ |

स्रोत :विद्यालय अभिलेख,२०६९

प्रस्तुत तालिका अनुसार जनकल्याण नि.मा.वि.मा २०६७ सालको तुलनामा २०६९ सालको नेपाली, गणित र अंग्रेजी तीनवटै विषयहरूको सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ। २०६८ सालको तुलनामा नेपाली र अंग्रेजी विषयको सिकाइ उपलब्धि वृद्धि भएको तर गणित विषयको सिकाइ उपलब्धि घटेको देखिन्छ। यसरी कक्षा २ मा २०६९ सालदेखि किताब कुनाको प्रयोग भएता पनि गणित विषयको सिकाइ उपलब्धिमा ह्रास आएको देखिन्छ। उक्त आधारमा किताब कुनाको प्रयोगमा गणितिय सन्दर्भ सामग्रीहरू थप गरी उचित प्रयोग गर्नु पर्ने आवश्यकता देखिन्छ। प्रस्तुत तालिका अनुसार ढुङ्गेधारा नि.मा.वि.मा कक्षा २ मा किताब कुना प्रयोग हुनु भन्दा अगाडि २०६७ सालको तुलनामा किताब कुना प्रयोग भए पछि २०६९ सालमा नेपाली र अंग्रेजी विषयहरूको

सिकाइ उपलब्धिमा वृद्धि भएको तर गणित विषयको औषत सिकाइ उपलब्धिमा ह्रास आएको देखिन्छ । २०६८ सालको तुलनामा पनि नेपाली, गणित र अंग्रेजी तीनवटै विषयको सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ ।

यसरी दुवै विद्यलयका कक्षा २ मा २०६९ सालदेखि किताब कुनाको प्रयोग भएता पनि गणित विषयको सिकाइ उपलब्धि ह्रास आएको देखिन्छ । प्राथमिक तहको कक्षा दुइमा गणित सम्बन्धि साधरण जोड, घटाउ, गुणन र भागका क्रियाहरू मात्र सिकाइन्छ । कक्षा दुइमा अध्ययन गर्ने बालबालिकाहरू उमेरको हिसाबमा छ, सात वर्षका मात्र हुन्छन । मानसिक रुपमा पनि कच्चा नै रहने भएकाले उनीहरूलाई साधारण गणितिय धारणा सिकाउन पनि शैक्षिक सामग्रीमा किताबलाई भन्दा पनि सरल तथा सुलभ रुपमा पाइने लठ्ठीका टुक्राहरू, ढुङ्गाका टुक्राहरू र गुच्चाहरू धेरै प्रयोग गर्ने गरेकोले किताब कुनाको प्रयोगले गणित विषयको औषत सिकाइ उपलब्धी ह्रास भएको भन्न कठिनाइ देखिन्छ । दुवै विद्यालयमा कक्षा दुइमा किताब कुनामा राखिएका किताबहरू मध्ये गणित सम्बन्धी किताबहरू कम रहेको र प्रयोग पनि कम मात्रामा गर्ने गरेको पाइएकोले उक्त आधारमा किताब कुनाको प्रयोगमा गणितिय सन्दर्भ सामग्रीहरू थप गरी उचित प्रयोग गर्नु पर्ने आवश्यकता देखिन्छ ।

### ४.३.३ कक्षा ३ को विषयगत औषत

कक्षाकोठामा किताब कुनाको प्रयोग भए पश्चात उक्त प्रयोगले कक्षा ३ को सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्नको लागि दुवै विद्यालयमा किताब कुना प्रयोग हुनुभन्दा अगाडि शैक्षिक वर्ष २०६७ र २०६८ साथै किताब कुना प्रयोग भए पश्चात शैक्षिक वर्ष २०६९ लाई आधार मानिएको छ । नेपाली, गणित र अंग्रेजी विषयको सिकाइ उपलब्धि तुलना गर्न विद्यालयको प्राप्त अभिलेखबाट पाइएको तथ्याङ्कलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : कक्षा ३ को विषयगत औषत

| विषय | श्री जनकल्याण नि.मा.वि. | | | श्री ढुङ्गेधारा नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क ( प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) | किताब कुनाको प्रयोग हुनु भन्दा अगाडीको औषत प्राप्ताङ्क (प्रतिशतमा) | | किताब कुनाको प्रयोग भएपछिको औषत प्राप्ताङ्क (प्रतिशतमा) |
| | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ | वि.स. २०६७ | वि.स. २०६८ | वि.स. २०६९ |
| नेपाली | ४०.२८ | ४९.७८ | ६६.५० | ४३.५५ | ५०.०८ | ५५.० |
| गणित | ३३.३५ | ५१.१६ | ५०.२० | ३९.५५ | ४१.६४ | ४०.४० |
| अंग्रजी | ४४.८५ | ४८.२२ | ६२.९० | ६०.४४ | ३८.५० | ६२.५० |

स्रोत : विद्यालय अभिलेख,२०६९

माथिको तालिकाअनुसार जनकल्याण नि.मा.वि.को २०६९ सालमा कक्षा ३ मा कक्षाकोठामा किताब कुनाको प्रयोग भए पछि २०६७ सालको तुलनामा नेपाली, गणित र अंग्रेजी तीनवटै विषयको सिकाइ उपलब्धि वृद्धि भएको देखिन्छ। २०६८ सालको तुलनामा नेपाली र अंग्रेजी विषयको सिकाइ उपलीब्ध वृद्धि भएको तर गणित विषयको सिकाइ उपलब्धि थोरै ह्रास आएको देखिन्छ। कक्षा २ मा जस्तै ३ मा पनि गणित विषयको औषत सिकाइ उपलबिधमा ह्रास आएको हुँदा गणियि वाल सन्दर्भ सामग्रीहरू थप गरी उचित प्रयोग गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ। त्यसैगरी ढुङ्गेधारा नि.मा.वि.को २०६९ सालमा कक्षा ३ मा कक्षाकोठामा किताब कुनाको प्रयोग भए पछि २०६७ सालको तुलनामा नेपाली, गणित र अंग्रेजी तीनवटै विषयको सिकाइ उपलब्धि वृद्धि भएको पाइएको छ। २०६८ सालको तुलनामा नेपाली र अंग्रेजी विषयको सिकाइ उपलब्धि वृद्धि भएको तर गणित विषयको सिकाइ उपलब्धि थोरै ह्रास आएको देखिन्छ।

श्री जनकल्याण नि.मा.वि. र श्री ढुङ्गेधारा नि.मा.वि. दुवै विद्यालयमा कक्षा २ मा जस्तै अघिल्ला शैक्षिकसत्रको तुलनामा किताब कुना लागु भए पछि गणित विषयको औषतमा भएको ह्रासलाई नियाल्दा गणित विषयसँग किताब कुनाको प्रयोग अरु विषयको तुलनामा कम प्रयोग गरेको पाइन्छ। कक्षा दुइमा जस्तै कक्षा तीनमा अध्ययन गर्ने बालबालिकाहरू उमेर र मानसिक दुवै रुपमा कमजोर रहने भएकाले गणित सम्बन्धी सन्दर्भ सामग्रीहरू प्रयोग गर्न कठिनाइ भएको पाइन्छ। गणितिय सन्दर्भ सामग्रीहरू पनि कक्षा दुइमा जस्तै दुवै विद्यालयका कक्षा तीनमा पनि थोरै मात्रामा रहेको देखिन्छ। यसरी दुवै विद्यालयका कक्षा तीनको गणित विषयको औषत सिकाइ

उपलबिधमा ह्रास आएको हुँदा गणियि वाल सन्दर्भ सामग्रीहरू थप गरी उचित प्रयोग गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ ।

### ४.३.४ छलफलबाट प्राप्त नतिजाअनुसार बालबालिकाको व्यवहारमा आएको परिवर्तन

कक्षाकोठामा किताब कुनाको प्रयोगले बालबालिकाको व्यवहारमा आएको परिवर्तनको जानकारी लिनको लागि प्र.अ., कक्षा शिक्षण गर्ने शिक्षिकाहरू, छनोटमा परेका अभिभावकहरू तथा विद्यार्थीलाई सोधिएको प्रश्नावली तथा अन्तर्वार्ता अनुसूचीको आधारमा प्राप्त नतिजालाई एकिकृत रूपमा तालिकामा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

तालिका ८ : छलफलबाट प्राप्त नतिजाअनुसार बालबालिकाको व्यवहारमा आएको परिवर्तन

| प्राप्त नतिजा | सहभागी संख्या | | | | | | | | जम्मा उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यक्ति | प्र.अ. | शि.अ.संघ अध्यक्ष | शिक्षक | अभिभावक | वि.व्य.स. अध्यक्ष | विद्यार्थी | जम्मा | | |
| भाषिक सीपको विकास | १ | २ | २ | ६ | ४ | २ | – | १७ | १३ | ७६.४७ |
| नियमित उपस्थिति बढेको | १ | २ | | ६ | – | | – | ९ | ९ | १०० |
| कक्षा दोहोऱ्याउने दर घटेको | १ | २ | | ६ | – | | – | ९ | ७ | ७७.७८ |
| सृजनात्मक तथा रचनात्मक क्षमताको विकास भएको | १ | २ | २ | ६ | ४ | २ | – | १७ | १० | ५८.८२ |
| औषत सिकाइ उपलब्धि वृद्धि भएको | १ | २ | | ६ | – | | – | ९ | ९ | १०० |
| छलफल गर्ने बानीको विकास भएको | १ | २ | २ | ६ | ४ | २ | ३० | ४७ | ४१ | ८७.२३ |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अनुसार किताब कुनाको प्रयोगले बालबालिकाको सिकाइमा कस्तो प्रभाव पारेको छ भनी सोधिएको प्रश्नावली तथा अन्तर्वाता अनुसूचीबाट प्राप्त नतिजा अनुसार भाषिक सिपको विकास भएको भन्ने स्रोतव्यक्ति १ जना प्र.अ. २ जना, शिक्षक ६ जना, अभिभावक ४ जना,

सि.अ.संघका अध्यक्ष २ र वि.व्य.स. अध्यक्ष २ जना गरी जम्मा १७ जना सहभागीहरू मध्ये १३ जनाबाट अर्थात ७६.४७% बाट जवाफ प्राप्त भएको छ। नियमित उपस्थिति बढेको भन्ने जवाफ सहभागीहरू स्रोतव्यक्ति १ जना, प्र.अ. २ जना र शिक्षक ६ जना गरी ९ जना अर्थात १००% जवाफ प्राप्त भएको छ। कक्षा दोहोऱ्याउने दर घटेको भन्ने प्राप्त जावफमा पनि सहभागीहरू स्रोतव्यक्ति १ जना, प्र.अ. २ जना र शिक्षक ६ जना गरी जम्मा ९ जना मध्ये ७ जनाबाट अर्थात ७७.७८% जवाफ प्राप्त भएको छ। सृजनात्मक तथा रचनात्मक क्षमताको विकास भएको भन्ने प्राप्त जवाफ सहभागिहरू स्रोतव्यक्ति १ जना, प्र.अ. २ जना, शिक्षक ६ जना, अभिभावक ४ जना, शि.अ.संघ अध्यक्ष २ जना, वि.व्य.स. अध्यक्ष २ जना गरी जम्मा १७ जना मध्ये १० जना वाट अर्थात ५८.८२% बाट प्राप्त भएको छ। औषत सिकाइ उपलब्धि वृद्धि भएको भन्ने जवाफमा सहभागिहरू स्रोतव्यक्ति १जना,  प्र. अ. २ जना र शिक्षक ६ जना गरी ९ जनामा ९ नै जना अर्थात १००% जवाफ प्राप्त भएको छ। छलफल गर्ने वानिको विकास भएको भन्ने जवाफमा सहभागिहरू स्रोतव्यक्ति १जना, प्र.अ. २ जना, शिक्षक ६ जना, अभिभावकहरू ४ जना, शि.अ.संघ अध्यक्ष २ जना, वि.व्य.स. अध्यक्ष २ जना तथा विद्यार्थी ३० जना गरी जम्मा ४७ जना मध्ये ४१ जनाबाट अर्थात ८७.२३% जवाफ प्राप्त भएको छ।

बालबालिकाको व्यवहारमा आएको परिवर्तनको कक्षाकोठामा किताब कुनाको प्रयोगबाट जानकारी सहभागीहरूबाट प्राप्त भए पछि उक्त विषयहरूमा थप जानकारी लिनको लागि प्रत्यक्ष अवलोकन, छलफल तथा अभिलेखहरू हेर्ने कार्य गरिएको छ। बालमैत्री विद्यालयको अवधारणा अनुरुप कक्षाकोठालाई बालमैत्री बनाउनको लागि प्रयास गरेको पाइन्छ। स्वतन्त्रपूर्वक रमाइलो वातावरणमा वालकालिकाहरूले डर, त्रास र भयमुक्त भएर सिक्नको लागि शिक्षकले पहल गरेको पाइएको छ। छनोटमा परेका दुवै विद्यालयमा किताब कुना लागु भएका कक्षा १-३ मा भूईमा कार्पेट तथा म्याटहरू ओछ्याएर त्यसमाथि बस्नको लागि कुसनको व्यवस्था गरेको पाइयो। बालबालिकाहरूलाई लेख्न र पढ्न सजिलो बनाउनको लागि कक्षा २ र ३ मा होचा टेवलको समेत व्यवस्था गरेको पाइन्छ। बालबालिकाको हाजिरी रेकर्ड हेर्दा बालबालिकाहरू कमै मात्र अनुपस्थित रहेको पाइएको छ। अनुपस्थित भएका बालबालिकाहरू के कारणले अनुपस्थित भएका हुन सो को कारण समेत सङ्केतमा हाजिरी खातामा जनाउने गरेको देखिन्छ। दुवै विद्यालयका बालबालिकाहरूको हाजिरी रेकर्ड हेर्दा बालबालिकाहरू नियमित रूपमा नै विद्यालय आउने गरेको पाइएको छ।

कक्षा दोहोऱ्याउने दर अध्ययन गर्नको लागि विद्यालयको अभिलेख हेर्दा विगत ५ वर्ष भित्रकै सबैभन्दा कम किताब कुना लागु भएको वर्ष वि.स. २०६९ भेटिएको छ । विद्यालयको अभिलेख अनुसार श्री जनकल्याण नि.मा.वि.को कक्षा २ र कक्षा ३ मा एक एक जना कक्षा दोहोऱ्याउने भेटिएको छ भने श्री ढुङ्गेधारा नि.मा.वि.मा कुनै पनि वालबालिकाले कक्षा दोहोऱ्याएको पाइएन । दुवै विद्यालयमा वीचैमा कक्षा छोड्ने बालबालिकाको संख्या नरहेको देखियो । बालमैत्री विद्यालयको अवधारणा अनुसार किताब कुनाको प्रयोगले वालबालिकाहरूलाई रमाइलो वातावरण प्रदान गर्ने भएको हुँदा नियमित उपस्थिति बढेको देखिन्छ ।

बालबालिकाहरूको सृजनात्मक तथा रचनात्मक कार्यकोबारेमा थप जानकारी प्राप्त गर्नको लागि बालबालिकाको अघिल्लो बर्ष र किताब कुना लागु भएको वर्षको रचना तथा बनाएका चित्रहरूलाई तुलना समेत गर्ने कार्य गरिएको छ । अघिल्लो वर्षको तुलनामा बालबालिकाहरू चित्र बनाउन र रङ्ग भर्ने कार्यमा राम्रो सीप देखाएको पाइन्छ । कल्पना गरेर समेत विभिन्न जनावर तथा आफूले देखेका वस्तुको चित्र बनाउने गरेको पाइएको छ । छोटा छोटा कविताहरू समेतको सृजना गर्ने बानीको विकास भएको पाइएको छ ।

विद्यालयको प्रार्थना सकिएर कक्षाकोठामा प्रवेश गरिसकेपछि कस कसको पालो हो उक्त पालो अनुसार दुई बालबालिकाहरू १ गिलासमा नजिककै धाराबाट पानी र फूलबारीबाट फूलको थुङ्गा ल्याएर सबै जना मिली कक्षाकोठामा शान्तिको कामना गर्ने गरेको पाइयो । शान्तिको कामनाले एक अर्कोमा सद्भाव, प्रेरणा र सामुहिक भावनाको विकास भएको पाइन्छ । किताब कुनामा भएका किताबहरू पढेर समूहमा छलफल गर्ने गरेको पाइएको छ । आफूले पढेका र सुनेका कथाहरू साथीलाई सुनाउने गरेको पाइयो । चित्रका किताबहरू हेरेर यो के को चित्र हो ?  आहाँ ! यो चित्र कति राम्रो ?, साँच्चै यस्तै हुन्छ नि हैन ? भन्दै बालबालिकाहरू कक्षाकोठामा छलफल गरेको देखियो ।

दुवै विद्यालयमा कक्षाकोठा भित्र वा बाहिर बालबालिकाहरूले रमाइलो तरिकाले खेलहरू प्रस्तुत गरेको समेत पाइएको छ । श्री जनकल्याण नि.मा.वि. कक्षा ३ मा २१ नभन्ने खेल किताब कुनाको किताबमा भए अनुसार कक्षाकोठा भित्र प्रस्तुत गरेको अवलोकन गरिएको छ । अवलोकन अनुसार बसै जना बालबालिकाहरू गोलाकार रूपमा बसेर १,२ भन्ने त्यस पछि नजिकैको साथिले ३,४ भन्दै क्रमशः अर्कोले भन्दै जाने जसको पालोमा २१ आउँछ उ समूहबाट बाहिर बस्ने हुन्छ । यही क्रमअनुसार खेल्दै जाने र अन्त्यमा प्रथम एक जना हुने गरेको पाइयो । खेलमा प्रथम हुने

समूह वा व्यक्तिलाई कक्षाशिक्षण गर्ने शिक्षिकाले प्रोत्साहन स्वरुप कहिले कापी कहिले कलम तथा धन्यवाद दिने गरेको पाइएको छ ।

माथि उल्लेखित बालबालिकाको व्यवहारमा आएको परिवर्तनलाई विश्लेषण गर्दा उल्लेखित साहित्य बमोजिम कक्षाकोठालाई बालमैत्री बनाई बालकेन्द्रित सिकाइ प्रक्रियामा बालबालिकाको स्तर क्षमता, उमेर र रुचीलाई ध्यान पुऱ्याई सिकाइ क्रियाकलाप सञ्चालन गरेको पाइन्छ । खेल, गित, कथा, चित्रबनाउने, अभिनय गर्ने क्रियाकलापको आधारमा बालबालिका स्वयम्लाई सहभागि गराएको पाइन्छ । वैज्ञानिक व्यवस्थापन अनुसार व्यवस्थापन गरिएका किताबहरूलाई उच्च स्तरीय कार्यदक्षता अनुसार प्रयोग गरिएको, तालिममा पाएको ज्ञानलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरी बालबालिकाहरूको व्यवहारमा सकारात्मक परिवर्तन गराउन मद्दत पुऱ्याइएको पाइएको छ ।

### ४.३.५ कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू

कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरूको बारेमा जाकारी लिनको लागि प्र.अ., शिक्षक तथा अभिावकहरूसँग किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मूख्य तत्व के हुन सक्छ ? भनि लिइएको प्रतिक्रियामा प्राप्त जावाफलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

तालिका ९ : कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू

| क्र.स. | प्रभाव पार्ने तत्वहरू | जम्मा सहभागी संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | तालिम | १६ | ४ | २५% |
| २ | आर्थिक | १६ | २ | १२.५% |
| ३ | शिक्षण पद्धति | १६ | ६ | ३७.५% |
| ४ | भौतिक सामग्री | १६ | ४ | २५% |
| | जम्मा | - | १६ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथि प्रस्तुत तालिका अनुसार जम्मा सहभागीहरू १६ जना मध्ये कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू मध्ये तालिम भनि उल्लेख गर्ने ४ जना अर्थात २५% राय रहेको पाइन्छ । आर्थिक भनी उल्लेख गर्ने २ जना अर्थात १२.५% मत देखिन्छ । शिक्षण पद्धति भनि

उल्लेख गर्ने ६ जना अर्थात ३७.५% र भौतिक सामग्री भनि उल्लेख गर्ने ४ जना अर्थात २५% को राय रहेको पाइन्छ ।

कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू मध्ये तालिम र भौतिक सामग्री हो भनि उल्लेख गर्ने बराबरी राय रहेको छ । किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरू मध्ये शिक्षण पद्धति भनि उल्लेख गर्ने सबै भन्दा बढी राय रहेको छ । आर्थिक तत्वमा सबैभन्दा थोरै राय रहेको देखिन्छ । यस तत्थ्याङ्कको आधारमा कक्षाकोठामा किताब कुनाको प्रयोगमा सबैभन्दा बढी प्रभाव पार्ने तत्व शिक्षण पद्धति नै रहेको पाइन्छ ।

कक्षाकोठामा किताब कुनाको प्रयोगमा प्रभाव पार्ने तत्वहरूको जानकरी सहभागीहरूबाट प्राप्त भए पछि उक्त विषयमा थप जानकारी लिनको लागि प्रत्यक्ष अवलोकन, छलफल तथा अभिलेखहरू हेर्ने कार्य गरिएको छ । छनोटमा परेका दुवै विद्यालयहरू गाउँ स्तरमा सञ्चालन हुँदै आएका र आर्थिक स्रोत राम्रो नभएको देखिएको छ । जग्गा जमिन प्रशस्त नभएको विद्यालय सञ्चालनको लागि भवन, शौचालय तथा खेल मैदान मात्र भएको पाइयो । सम्पूर्ण भौतिक संरचना निर्माण गर्न सर्वप्रथम आर्थिक आवश्यक पर्ने भएकोले आर्थिक स्रोत कमी भएको कारण किताब कुना व्यवस्थापन र प्रयोग गर्न पनि कठिनाइ भई रहेको अवस्था पाइएको छ ।

शिक्षण सिकाइ क्रियाकलापको केन्द्रविन्दु शिक्षण पद्दति भएको हुँदा शिक्षण पद्दति जति सान्दर्भिक हुन्छ त्यतिनै सिकाइ दिगो हुन्छ । किताब कुनाको प्रयोगको लागि बालमैत्री शिक्षा प्रणाली अन्तर्गत एक पटक शिक्षकलाई तालिम दिएपछि पुन सोहि सम्बन्धी तालिम नदिएको पाइन्छ । पुर्नताजकी तालिमको व्यवस्था नहुदा शिक्षण पद्धति परम्परा ढङ्गबाट नै सञ्चालन हुन सक्ने देखिन्छ ।

## ४.४ कक्षा कोठामा किताब कुना प्रयोगका समस्याहरू

कक्षाकोठामा किताब कुनाको प्रयोगका समस्याहरू पत्ता लगाउनका लागि प्र.अ., शिक्षक, शि.अ.संघका अध्यक्ष, वि.व्य.स. अध्यक्ष र अभिभावकहरूसँग किताब कुनाको प्रयोगका समस्याहरू के के  रहेका छन् ? भनि सोधिएको प्रश्नाली तथा अन्तरवार्ता अनुसूचीबाट प्राप्त जवाफलाई एकिकृत गरी निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १० :  कक्षा कोठामा किताब कुना प्रयोगका समस्याहरू

| प्राप्त नतिजा | सहभागि संख्या | | | | | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | प्र.अ | शिक्षक | अभिभावक | शि.अ.संघ अध्यक्ष | वि.व्य.स. अध्यक्ष | | |
| वाल सन्दर्भ सामग्री पर्याप्तता नहुनु | २ | ६ | ४ | २ | २ | १४ | ८७.५% |
| पूनर्ताजकी तालिमको अभाव | २ | ६ | ४ | २ | २ | ८ | ५०% |
| सुपरिवेक्षणको कमी | २ | ६ | ४ | २ | २ | ६ | ३७.५% |
| भौतिक सामग्रीको उचित प्रबन्ध नहुनु | २ | ६ | ४ | २ | २ | १२ | ७५% |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

प्रस्तुत तालिका अनुसार किताब कुनाको प्रयोगका समस्याहरू जानकारी लिनको लागि छनोटमा परेका प्र.अ. २ जना, शिक्षक ६ जना, शि.अ.संघ अध्यक्ष २ जना, वि.व्य.स. अध्यक्ष २ जना र अभिभावकहरू ४ जना गरी जम्मा १६ जनासँग अन्तरक्रिया लिइएको छ। अन्तरक्रियाको आधारमा प्राप्त नतिजा अनुसार बाल सन्दर्भ सामग्रीहरू पर्याप्तता नहुनु भन्ने जवाफ १४ जना अर्थात ८७.५% बाट प्राप्त भएको छ। पूनर्ताजकी तालिमको अभाव भन्ने जवाफ ८ जना अर्थात ५०% बाट प्राप्त भएको छ।  सुपरिवेक्षणको कमी भन्ने जवाफ ६ जना अर्थात ३७.५% बाट प्राप्त भएको र भौतिक सामग्रीको उचित प्रबन्ध नहुनु भन्ने जवाफ १२ जना अर्थात ७५% बाट प्राप्त भएको छ।

कक्षाकोठामा किताब कुनाको प्रयोगका समस्याहरूको बारेमा प्राप्त नतिजा अनुसार सबैभन्दा बढी बाल सन्दर्भ सामग्रीहरू पर्याप्तता नहुनु भन्ने जावफ रहेको पाइन्छ। सबैभन्दा थोर सुपरिवेक्षणको कमि भन्ने जवाफ रहेको पाइन्छ। उक्त तथ्याङ्क अनुसार कक्षाकोठामा किताब कुनाको प्रयोगका समस्याहरू न्यूनिकरण गर्न बाल सन्दर्भ सामगीहरू थप गर्नु पर्ने, भौतिक सामग्रीहरूको उचित प्रबन्ध मिलाउनु पर्ने पूनर्ताजकि तालिमको व्यावस्था मिलाउनु पर्ने साथै समय समयमा सुपरिवेक्षण गर्नुपर्ने देखिन्छ।

सहभागिहरूबाट कक्षाकोठामा किताब कुना प्रयोगका समस्याहरू प्राप्त भए पछि थप समस्याहरूको जानकारी लिनको लागि छलफल, प्रत्यक्ष प्रयोगको अवलोकन तथा अभिलेखहरू हेर्ने

कार्य गरिएको छ । विषयगत रूपमा यसको प्रयोग गर्न कठिनाई भएको पाइएको छ । कुन विषयमा किताब कुनाको कुन किताब प्रयोग गर्ने छान्न तथा रोज्न कठिनाइ भएको समस्या पाइएको देखिन्छ । पाठको प्रकृति अनुसार पनि किताब छान्न र प्रयोग गर्न कठिनाई देखिएको छ । पाठ्यक्रममा दिइएको पाठअनुसारको किताब खोज्न समय लाग्ने गरेको पाइएको छ । पाठ पढाउँदा पाठलाई प्राथमिकता दिने कि किताब कुनाको किताबलाई प्राथमिकता दिने भन्ने समस्या परेको पाइएको छ । पाठको प्रकृति अनुसारका किताबहरू शिक्षकले प्रयोग गर्ने कि विद्यार्थीलाई प्रयोग गर्न दिने भन्ने विषयमा झट्ट निर्णय गर्न कठिनाई भएको पाइएको छ । सर्वप्रथम शिक्षकले पढेर सुनाउने कि विद्यार्थीलाई पढ्न दिने यो विषय पनि किताब कुना प्रयोगको समस्या रहेको पाइएको छ ।

किताब कुना लागु भएका कक्षाहरूमा विद्यार्थीलाई धेरै जसो समूह बनाई राख्ने गरेको पाइन्छ । एउटै प्रकृतिका थोरै किताबहरू हुँदा सबै समूहमा किताब नपुग्ने गरेको समस्या रहेको छ । बालबालिकाले सधैंभरी किताब कुनामा भएका पुरानै किताबहरू प्रयोग गर्नु परेको नयाँ किताबहरूको व्यवस्था कम मात्रामा गरिने भएको हुँदा बालबाकिलाको चाँख घट्दै जाने अवस्था रहेको देखिन्छ । पाठ्यक्रममा उल्लेख भएका पाठ भन्दा किताब कुनाका किताहरूका पाठहरू बालबालिकालाई रमाइला र चाख पूर्ण हुने भएकाले पाठभन्दा किताबहरू पढ्न रुचानउने समस्या रहेको पाइन्छ । विद्यालय समय भित्र कति समय बालबालिकाले किताब कुना प्रयोग गर्ने उल्लेख नहुँदा समस्या पर्न गएको पाइन्छ । किताब कुनामा भएका किताबहरू विदाका समयमा बालबालिकाले प्रयोग गर्न नपाउनु साथै किताबहरू घर लान नपाइने भएको हुँदा कक्षाकोठामा मात्र प्रयोग गर्नु पर्ने समस्या रहेको पाइन्छ ।

बजारमा बालसन्दर्भ किताबहरू कम मात्रामा पाइने तथा पाइएका मध्ये पनि कस्ता किताबहरू किताब कुनामा व्यवस्थापन गरी प्रयोग गर्ने अन्यौल रहेको अवस्था पाइन्छ । सम्बन्धित निकायबाट एकपटक किताबहरू उपलब्ध गराएपछि पूनः थप किताब नदिदा प्रयोगमा समस्या रहेको पाइन्छ । बालबालिकाको स्तर अनुसारको कभर पेज तथा पेपर कमसल हुने गरेकोले छिट्टै च्यातिने सम्भावना रहेको देखिन्छ । समुदायमा किताब कुनाको ज्ञान सबैलाई नभएकोले समुदायको चासो यसप्रति कम मात्रामा रहेको पाइन्छ । किताब कुना परीक्षणको रुपमा मात्र लागु भएकोले यसले पार्ने प्रभावलाई लेखाजोखा गर्न कठिनाई भएको समस्या पाइन्छ । वैदेशिक सहायताबाट केहि दातृ संस्थाले मात्र सहयोग गर्नु अरु पक्षबाट सहयोग नहुनु थप समस्या रहेको पाइन्छ । कक्षा १-३ मा प्रयोग हुनु थप कक्षाहरूमा यसको प्रयोग नहुनु अर्को समस्या रहेको पाइन्छ साथै सबै विद्यालयहरूमा यसको प्रयोग नहुँदा भविष्यमा लागु हुने या नहुने समस्या रहेको पाइन्छ ।

माथि प्रस्तुत समस्यालाई विश्लेषण गर्दा किताब कुना प्रयोगमा जटिल समस्याहरू रहेको निष्कर्ष निकाल्न सकिन्छ । किताब कुना पुस्तकालय, कक्षाकोठा पुस्तकालयको अवधारणा अनुरुप विकास भएको हुँदा यसको प्रयोग सम्पूर्ण कक्षाकोठामा हुनु पर्ने आवश्यकता देखिएको छ । किताब कुनाको महत्व के हो ? यसको प्रयोगले बालबालिको सिकाइमा कस्तो प्रभाव पार्दछ । सबैले जानकारी गराउनु पर्ने देखिन्छ । व्यवस्थापनको सिद्धान्त बमोजिम यसलाई व्यवस्थापन गर्नुपर्ने साथै उच्च स्तरिय कार्य  दक्षता बमोजिम यसको प्रयोग गर्नुपर्ने देखिएको छ ।

### ४.४.१ किताब कुनाको अवस्था  सुधार गर्ने उपायहरू

यस शोध अध्ययनको क्रमममा किताब कुनको अवस्था सुधार गर्ने उपायहरूको जानकारी संकलन गर्ने क्रममा स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, प्र.अ., शिक्षक तथा अभिभावकहरूसँग लिइएको प्रश्नावली तथा अन्तरवार्ता अनुसूचीको आधारमा छुट्टाछुट्टै शीर्षकमा राखी निम्न बमोजिम व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### ४.४.१.१ स्रोतव्यक्तिबाट प्राप्त जवाफ

यस शोध अध्ययनको क्रममा किताब कुनाको सुधार गर्ने उपायहरूको तथ्याङ्क सङ्कलन गर्ने क्रममा धनकुटा जिल्ला पाखिवास स्रोतकेन्द्रका स्रोतव्यक्तिसँग सोधिएको खुल्ला प्रश्नावलीको आधारबाट प्राप्त नतिजा अनुसार भौतिक व्यवस्थापनलाई अफ्ष सुधार गर्न विद्यालयले पहल गर्नु पर्ने । बाल सन्दर्भ सामग्रीहरूको संख्या बढाउनु पर्ने । बालमैत्री अवधारणा अनुरुप कक्षा शिक्षण गरिनु पर्ने । विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्ने । उपलब्ध बाल सन्दर्भ सामग्रीहरूको अधिक प्रयोग गर्नु पर्ने । आफ्नो सिप र तालिममा प्राप्त ज्ञानलाई कक्षाकोठामा उचित प्रयोग गरिनु पर्ने साथै कक्षा शिक्षण पश्चात उचित मूल्याङ्कन प्रविधि अपनाउनु पर्ने जस्ता उपायहरू उल्लेख गरिएको पाइएको छ ।

#### ४.४.१.२ प्र.अ.बाट पाइएको जानकारी

तथ्याङ्क संकलन गर्ने क्रममा प्र.अ. सँग लिइएको खुल्ला प्रश्नावलीको आधारमा किताब कुनाको अवस्था सुधरा गर्ने उपयाहरू बाल सन्दर्भ सामग्रहिरूको संख्या थप गर्नु पर्ने । प्रयोगको अवस्थामा अफ्ष सुधार गर्नेु पर्ने । भौतिक व्यवस्थापनमा सुधार गर्नु पर्ने । शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने । समय समयमा सुपरिवेक्षण गर्नु पर्ने । राज्यस्तरबाट किताब कुना प्रयोगको लागि अनुदान प्रदान गर्नु पर्ने जस्ता पक्षहरू उल्लेख गरिएको पाइएको छ ।

### ४.४.१.३ शिक्षकले उल्लेख गरेका उपयाहरू

किताब कुनाको अवस्था सुधार गर्ने उपायहरूको तथ्याङ्क संकलन गर्ने क्रममा शिक्षकहरूलाई सोधिएको खुल्ला प्रश्नावलीको आधारबाट प्राप्त नतिजाहरूलाई संकलन गरि प्रस्तुत गरिएको छ । जसअनुसार प्राप्त उपायहरूमा विषयगत सन्दर्भ सामग्रीहरू थप गर्नु पर्ने । समय समयमा शिक्षकलाई तालिको व्यवस्था हुनुपर्ने । किताब कुना प्रयोग गर्न चाहिने भौतिक सामग्रीहरूको उचित व्यवस्थापन गरिनुपर्ने । किताब कुना व्यवस्थापनमा शिक्षा कार्यालयबाट सहयोग उपलब्ध हुनु पर्ने । विद्यार्थीहरूलाई नियमित विद्यालय पठाउन अभिभावकले सहयोग गर्नु पर्ने जस्ता पक्षहरू रहेको पाइएको छ ।

### ४.४.१.४ वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष र अभिभावकबाट लिइएको प्रक्रिया

यस शोध अध्ययनको क्रममा किताब कुनाको अवस्था सुधार गर्ने उपायहरूको तथ्याङ्क संकलन गर्ने क्रममा अभिभावकहरूसँग किताब कुनको अवस्था सुधर गर्ने उपायहरू के के हुन सक्छन् भनि लिइएको अन्तरवार्ता अनुसूची अनुसार उक्त तथ्याङ्कलाई संकलन गरी प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्क अनुसार समुदायबाट किताब कुना व्यवस्थापमा सहयोग गर्नुपर्ने । विद्यालय आफै वा शिक्षा कार्यालयबाट सन्दर्भ सामग्रीहरू उपलब्ध  गराउनु पर्ने । उपलब्ध बाल सन्दर्भ सामग्रीहरू शिक्षक तथा विद्यार्थीहरूले बढी भन्दा बढी नियमित प्रयोग गर्नेपर्ने जस्ता पक्षहरू उल्लेख गरेको पाइएको छ ।

माथि प्रस्तुत गरिएको किताब कुनाको प्रयोगका समस्या र समाधानका उपायहरूलाई विश्लेषण गर्दा सम्बन्धित साहित्यको पुनरावलोकनमा उल्लेख गरे बमोजिम भौतिक व्यवस्थापन गर्नुपर्ने । पाठ्यक्रम विकास केन्द्रले विद्यालयको पठनपाठन प्रभावकारी तुल्याउन विद्यालयलाई के के चाहिन्छ र सिकाइ क्रियाकलाप कस्तो हुनु पर्दछ भनी खाका तयार पारे बमोजिम सञ्चालन गर्नु पर्ने सैद्धान्तिक आधारमा लिइएको टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त बमोजिम नै कार्य व्यवस्थापन र सिकाइ हुनु पर्ने आशय सम्बन्धित पक्षबाट राय प्राप्त भएको पाइएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस शोध अध्ययनको क्रममा सम्बन्धित रेकर्डहरूको अध्ययन, सम्बन्धित विषयको पूनरावलोकन, खुल्ला प्रश्नावली, अन्तरवार्ता अनुसूची, निर्देशिका प्रश्नावली, छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको आधारमा यस शोधपत्रमा उल्लेखित उद्देश्यलाई मध्यनजर गरी प्राप्ति, निष्कर्ष र सुझावहरूलाई प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभावको अध्ययन गर्नको लागि छनोटमा परेका विद्यालयहरूको किताब कुना प्रयोग भएका कक्षाकोठाहरूमा किताब कुनाको प्रयोगको पहिचान, प्रयोगको स्थिति, यसले सिकाइमा पारेको प्रभावको लेखाजोखा गरिएको छ भने अर्को तर्फ किताब कुना प्रयोगका समस्या र किताब कुनाको अवस्था सुधार गर्ने उपायको समेत अध्ययन तथा खोजी गरिएको छ ।

कक्षाकोठामा किताब कुनाको व्यवस्थापनको स्थिति प्रत्यक्ष अवलोकन, प्रश्नावली, अन्तरवार्ता अनुसूची तथा अभिलेखबाट प्राप्त जानकारी लिइएको छ । भौतिक सामग्री अन्तर्गत किताब कुना लागु भएका दुवै विद्यालयका ३/३ ओटै कक्षाकोठामा टीनको वाकस, बुककेस, टेवल साथै जनकल्याण नि.मा.वि.को कक्षा ३ मा र ढुङ्गेधारा नि.मा.वि.को कक्षा २ मा १/१ वटा दराज राखिएको पाइन्छ । बाल सन्दर्भ सामग्रीहरूमा जनकल्याण नि.मा.वि.मा चित्र कथाको संख्या २९, वालकथाको संख्या ३७, बाल कविताको संख्या १८, गणितिय कथा / खेलको संख्या ७ र शिक्षक तथा विद्यार्थीद्वारा निर्मित किताब संख्या २४ ओटा गरी जम्मा बाल सन्दर्भ सामग्रीहरू ११५ ओटा रहेको पाइन्छ । ढुङ्गेधारा नि.मा.वि. मा चित्र कथाको संख्या २७, वालकथाको संख्या ३६, बाल कविताको संख्या १५, गणितिय कथा / खेलको संख्या ७ र शिक्षक तथा विद्यार्थीद्वारा निर्मित किताब संख्या २४ ओटा गरी जम्मा बाल सन्दर्भ सामग्रीहरू १०९ ओटा रहेको पाइन्छ ।

बालसन्दर्भ सामग्रीहलाई विषयवस्तुको प्रकृति अनुसार छुट्टाछुट्टै रूपमा चाहेको समयमा तुरुन्त पाउन सक्ने गरी राखिएको अवस्था पाइन्छ । कक्षाकोठामा किताब कुनाको प्रयोगको स्थिति हेर्दा उक्त सन्दर्भ सामग्रीहरूलाई शिक्षक र विद्यार्थी दुवै पक्षले प्रयोग गर्ने गरेको पाइन्छ । भाषिक सीप विकास अन्तर्गत सुनाई, बोलाई, पढाई तथा लेखाइका चारवटै पक्षलाई मध्यनजर गरी प्रयोग गर्ने गरिएको पाइएको छ । यसरी वौद्धिक पक्षलाई मात्र हैन बालकको सर्वाङ्गीण पक्षको विकासको लागि किताब कुनाको प्रयोग गर्नु पर्ने आवश्यक देखिन्छ ।

किताब कुनको प्रयोगले सिकाइ उपलब्धिमा पारेको  प्रभावलाई विद्यालयको अभिलेखको तथ्याङ्क अनुसार किताब कुना प्रयोग भएका कक्षाहरू क्रमशः १,२ र ३ मा नेपाली गणित र अंग्रेजी विषयहरूमा किताब कुना प्रयोग हुनुभन्दा अगाडिका दुई शैक्षिक वर्ष क्रमशः २०६७ र २०६८ को भन्दा किताब कुनाको प्रयोग भएको शैक्षिक वर्ष २०६९ को औषत सिकाइ उपलब्धि वृद्धि भएको पाइन्छ। कक्षा २ र ३ मा गणित विषयको औषत सिकाइ उपलब्धि २०६८ को तुलनामा किताब कुना लागु भएको वर्ष २०६९ मा घटेको तथ्य पाइन्छ। प्र.अ., शिक्षक, अभिभावकहरू तथा विद्यार्थीहरूसँगको प्रश्नावली तथा अन्तरवार्ता अनुसूची र छलफलबाट प्राप्त तथ्याङ्क अनुसार भाषिक सीपको विकास भएको, नियमित उपस्थिती बढेको, कक्षा दोहोऱ्याउने दर घटेको, सृजनात्मक तथा रचनात्मक क्षमताको विकास भएको, औषत सिकाइ उपलब्धि वृद्धि भएको तथा छलफल गर्ने बानीको विकास जस्ता सिकाई उपलब्धिमा किताब कुनाको प्रयोगले प्रभाव पारेको नतिजा प्राप्त भएको छ।

तालिम, आर्थिक, शिक्षण पद्धति तथा भौतिक सामग्री जस्ता तत्वहरूले किताब कुनाको प्रयोगमा प्रभाव पार्ने गरेको तथ्य स्रोतव्यक्ति, प्र.अ. शिक्षक तथा अभिभावकहरूसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ। त्यस्तै किताब कुनाको प्रयोगका मूख्य समस्या अन्तरगत वाल सन्दर्भ सामग्रीहरू पर्याप्तता नहुनु, पूनर्ताजकी तालिमको अभाव हुनु, सुपरिवेक्षणको कमि र भौतिक सामग्रीहरूको उचित प्रबन्ध नहुनु जस्ता तथ्यहरू उपलब्ध भएका छन्।

स्रोतव्यक्ति, प्र.अ., शिक्षक तथा अभिभावकहरूबाट प्राप्त किताब कुनाको अवस्था सुधार गर्ने उपायहरूमा वाल सन्दर्भ सामग्रीको संख्या थप गर्नु पर्ने। प्रयोगको अवस्था तथा भौतिक व्यवस्थापन अझ सुधार गर्नुपर्ने, तालिको व्यवस्था गर्नु पर्ने। सुपरिवेक्षण हुनुपर्ने। राज्य स्तरबाट किताब कुना प्रयोगको लागि अनुदान प्रदान गर्नुपर्ने। समुदायबाट किताब कुना व्यवस्थापमा सहयोग गर्नु पर्ने जस्ता उपयाहरू प्राप्त भएका छन्।

## ५.२ निष्कर्ष

विद्यालयमा किताब कुनाको प्रयोगबाट बालकालिकाको सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्दा प्राप्तिका आधारमा निष्कर्ष निकालिएको छ। कक्षाकोठामा किताब कुना व्यवस्थापनको लागि भौतिक सामग्रीहरू लगायत बाल सन्दर्भ सामग्री विशेष गरेर गणितिय सन्दर्भ सामग्रीहरू थप गर्नु पर्ने देखिन्छ। सन्दर्भ सामग्रीहरू शिक्षक तथा विद्यार्थी दुवैले प्रयोग गर्ने गरेको पाइन्छ। सहज रूपमा बालबालिकाहरूले भेट्ने गरी भण्डारण गरिएकाले फुर्सदको समयमा समेत विद्यार्थी  आफैले झिकेर प्रयोग गर्ने गरेको देखिन्छ। भाषिक सीपका चारवटै पक्षलाई समेट्ने गरी

यसको प्रयोग गरीनुका साथै आफै किताब निर्माण तथा नक्साको प्रयोग गर्ने सीपमा समेत किताब कुनाको प्रयोगले बालबालिकालाई मद्दत पूर्याएको पाइन्छ ।

बालबालिकाहरूको सिकाइ उपलब्धिलाई नियाल्दा नेपाली तथा अंग्रेजी विषयमा सन्तोषजनक पाइएता पनि गणित विषयमा उपलब्धि त्यति राम्रो हुन नसकेको अवस्था पाइन्छ । यसरी गणित विषयसँग सम्बन्धित बाल सन्दर्भ सामग्रीहरू संकलन गरी उचित तवरले प्रयोग गरेर उक्त विषयमा बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गर्नुपर्ने आवश्यक देखिन्छ । कक्षा शिक्षण गर्ने शिक्षकलाइ एकपटक तालिम उपलब्ध गराए पछि पूनः पूनर्ताजकी तालिमको व्यवस्था नहुदा शिक्षण पद्धतिमा किताब कुनाको प्रयोगको स्थिति परम्परागत ढंगवाट नै संचालन हुन सक्ने संभावना रहेको पाउन सकिन्छ । किताब कुनाको प्रयोगबाट बालबालिकाहरूमा रचनात्मक क्षमताको विकास  तथा छलफल गर्ने बानिको विकास जस्ता सिकाई उपलब्धि हुनु ज्यादै सकारात्मक पक्षको रूपमा लिन सकिन्छ । यसको प्रयोगबाट सिकाई उपलब्धिमा सहजै वृद्धि हुने र बालबालिकाहरूको सर्वाङ्गीण विकासमा समेत सहयोग पुऱ्याउने देखिन्छ । किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मूख्य तत्वका रूपमा तालिम, आर्थिक, शिक्षण पद्धति तथा भौतिक सामग्री जस्ता पक्षहरू रहेका हुँदा उक्त पक्षहरूमा सुधार ल्याउनको निम्ति प्र.अ., शिक्षक, अभिभावक तथा जिल्ला शिक्षा कार्यालय र सम्बद्ध सम्पूर्ण पक्षहरूको संलग्नता रहनु पर्ने नितान्त आवश्यक देखिन्छ । यसको प्रयोगमा देखिएका समस्याहरू निराकरण गर्नको लागि सुपरिवेक्षणको आवश्यकता भएको हुदा नियमित रूपमा जिल्ला शिक्षा कार्यालयबाट सुपरिवेक्षण हुनुपर्ने निष्कर्ष निकाल्न सकिन्छ । किताब कुनाको अवस्था सुधार गर्नका लागि राज्यस्तर, शिक्षा कार्यालय, समूदाय, प्र.अ., शिक्षक, विद्यार्थी तथा सम्बद्ध सबै पक्षबाट सहयोग प्राप्त भएमा किताब कुनाको भविष्य सुनौलो हुने कुरामा द्विमत नरहने आशा व्यक्त गर्न सकिन्छ ।

## ५.३ सुझावहरू

यस शोध अध्ययनको क्रममा विद्यालयको कक्षाकोठामा किताब कुनाको प्रयोगले सिकाइमा पारेको प्रभावको अध्ययनबाट निकालिएको प्राप्तिको आधारबाट किताब कुनाको प्रयोग बढाउनु पर्ने आवश्यकता देखिन्छ । भविष्यमा लिनुपर्ने नीतिगत तहमा निर्णयहरू, अभ्यास तहमा गर्नुपर्ने कार्य र अनुसन्धान तहमा थप जानकारी लिनु पर्ने गरि निम्न अनुसारका सुझावहरू आवश्यक पर्ने देखिएको हुँदा सोहि बमोजिम उल्लेख गरिएको छ ।

### ५.३.१ नीतिगत तह

किताब कुनाको जानकारी सबै पक्षमा थाहाँ पाइ नसकेको अवस्था रहेको हुँदा चेतनामूलक कार्यक्रम अन्तर्गत यसलाई सर्वत्र परिचित गराउनु पर्ने आवश्यकता देखिन्छ । विद्यालयहरूमा बालबालिकाहरूलाई पूरानै शिक्षण पद्धति अनुसार घोक्ने र घोकाउने प्रवृति रहेको हुँदा विद्यार्थी केन्द्रित शिक्षण विधिको साथै किताब कुनाको प्रयोग गर्नु पर्ने आवश्यकता देखिन्छ । यसको व्यवस्थापनमा समुदायको अग्रणी भूमिका रहेकाले विद्यालयमा किताब कुनाको प्रयोग प्रति अभिभावकहरूको नितान्त चासो रहनु पर्ने देखिन्छ । विश्वशिक्षा, युनिसेफ र शिक्षा कार्यालयको सहयोगमा बालमैत्री शिक्षाको अवधारणा अनुरुप संचालित यस कार्यक्रमलाई सम्पूर्ण सम्बद्ध पक्षले आत्मसाथ गरी अगाडी बढाउनु पर्ने देखिन्छ । किताब कुना प्रयोग गर्ने शिक्षकहरूलाई सयम समयमा तालिमको प्रबन्ध मिलाई यसको प्रभावकारी प्रयोग र मूल्याङ्कन परिपाटीमा सुधार ल्याई शैक्षिक गुणस्तर कायम गरी सिकाइ उपलब्धिमा बुद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ५.३.२ अभ्यास तह

विद्यालयमा भौतिक पक्षको व्यवस्थापन र शैक्षिक सामग्रीको प्रयोगबाट प्रभावकारी सिकाइ हुने भएको हुँदा कक्षाकोठामा किताब कुनाको प्रयोगबाट बालबालिकाहरूको वैद्धिक, रचनात्मक तथा भाषिक सीपको विकासको साथमा सिकाइ उपलब्धिमा समेत वृद्धि हुने देखिन्छ । विद्यालयमा प्रधानाध्यापकले समय समयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरूलाई बोलाई किताब कुनाको व्यवस्थापन र प्रयोगको बारेमा छलफल गरी भइरहेको अवस्थामा सुधार ल्याउनको लागि पहल गर्नु पर्ने देखिन्छ । त्यस्तै गरी प्रधानाध्यापकले विद्यालय प्रशासक तथा व्यवस्थापकको हैसियतले विद्यालयको शैक्षिक योजना, संगठन, निर्देशन, नियन्त्रण, संचार एवं समन्वयन कर्ताको भूमिका निभाएर कक्षाकोठामा किताब कुनाको प्रयोगलाई प्रभावकारी ढंगबाट संचालन गर्नको लागि पहल गर्नु पर्ने देखिन्छ । यसको व्यवस्थापन र प्रयोग दुवै पक्षलाई शैक्षिक योजनाकै अंगको रूपमा लिएर कार्यक्रमलाई अगाडी बढाउनु पर्ने आवश्यकता देखिएको छ ।

बालबालिकाको सिकाइ उपलब्धिमा वृद्धि गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार शिक्षक र विद्यार्थी दुवैले किताब कुनाको अधिक प्रयोग गर्नु पर्ने देखिएको छ । किताब कुनाको व्यवस्थापन गर्न चाहिने सन्दर्भ सामग्रीहरू खरिद तथा संकलन गर्न समूदायले मद्दत गर्नुपर्ने र विद्यालयले आर्थिक स्रोत जुटाउनु पर्ने आवश्यक देखिएको छ । कक्षाकोठामा किताब कुनाको प्रयोग पछि यसले बालबालिकाहरूको सिकाइमा पारेको प्रभावको सहि पहिचान गर्नको निमित्त कक्षा शिक्षण गर्ने शिक्षकले वास्तविक मूल्याङ्कन गर्नु पर्ने । शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा

किताब कुनाको प्रयोगलाई अंगिकार गरी शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नुपर्ने नितान्त आवश्यक देखिएको छ ।

### ५.३.३ अनुसन्धान तह

विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्न किताब कुनाको व्यवस्थापनको अवस्था अझै वैज्ञानिक ढंगले व्यवस्थापन गरिनु पर्ने देखिन्छ । यसरी व्यवस्थापन गर्न विद्यालयलाई समूदायबाट भौतिक सहयोग उपलब्ध गराउनु पर्ने साथै बाल सन्दर्भ सामग्रीहरू क्रमशः थप गर्दै लैजानु पर्ने र हाल कक्षा १ देखि कक्षा ३ सम्म मात्र किताब कुनाको प्रयोग भएको हुँदा क्रमशः अरु माथिल्ला कक्षाहरूमा पनि यसको प्रयोग थप गर्दै लैजानु पर्ने यस शोध अनुसन्धानबाट देखिएको छ । बाल सन्दर्भ सामग्रहिरू रखाइको अवस्थालाई अझ सुदृढ बनाउन भौतिक सामग्रीहरू निर्माण गर्नुपर्ने देखिएको छ । किताब कुनाको प्रयोग विशेष गरेर भाषिक सीप अन्तर्गत चारवटा सीप सुनाई, बोलाई, पढाई र लेखाईमा जोड दिइएको पाइएकोले बालबालिकाहरूको सर्वाङ्गीण विकासमा यसको प्रयोग गर्नुपर्ने आवश्यक देखिएको छ । जसको माध्यमबाट बालबालिकाहरूको चौतर्फि विकासमा टेवा पुग्नुका साथै शैक्षिक उपलब्धिमा समेत सहजै वृद्धि हुने देखिन्छ । किताब कुनाको प्रयोगले नेपाली र अंग्रेजी विषयको सिकाइ उपलब्धि वृद्धि गरी सकारात्मक प्रभाव पारेता पनि गणित विषयको सिकाइ उपलब्धि वृद्धि हुन नसकेको पाइएको हुँदा गणितिय सन्दर्भ सामग्रीहरू थप गरी प्रभावकारी प्रयोग गर्नुपर्ने देखिएको छ ।

यस शोध अनुसन्धानको क्रममा किताब कुना प्रयोगमा प्रभाव पार्ने तत्वहरू मूख्य रुपमा तालिम, आर्थिक, शिक्षण पद्धति र भौतिक सामग्री जस्ता पक्षहरू रहेको पाइन्छ । आवश्यक तालिम व्यवस्थाको लागि  वि.व्य.स. समिति तथा प्र.अ.ले जिल्ला शिक्षा कार्यालयमा उचित तालिमको माग गर्नु पर्ने र सोहि बमोजिम सम्बन्धित निकायबाट तालिम प्रदान गर्नु पर्ने देखिन्छ । आर्थिक संकलनको लागि स्रोत पहिचान गरी विद्यालय र समुदायको द्विपक्षिय सहयोगमा साझेदारी कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ । पूरानो शिक्षण पद्धति त्यागेर आधुनिक शिक्षण पद्धति अपनाउनु पर्ने र सम्बद्ध पक्षहरूबाट भौतिक सामग्रीहरू थप गर्नुपर्ने देखिएको छ । जिल्ला शिक्षा कार्यालय तथा सम्बन्धित निकायबाट समय समयमा सुपरिवेक्षण गरी किताब कुना प्रयोगमा सेवा प्रदान गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, प्रकाशसिंह (२०६७), *बालकेन्द्रित सिकाइ प्रक्रिया,* काठमाडौः सामुदायिक विकास प्रवर्तन केन्द्र ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

गिरी, देवराज (२०६७), *पुस्ताकालय व्यवस्थापनको प्रभावकारीता,* स्नाकोत्तर तह, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरःमोरङ, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय ।

थापा, ताराबहादुर (२०६९), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौः सनलाई पब्लिकेशन ।

न्यूमन, एस.वि. (१९९९), *द इम्पोरटेन्स अफ द क्लासरूम लाइब्रेरी,* सिकागोः नेशनल रिडिङ्ग कन्फरनेन्स ।

पाठक, गंगा र लामा, उमा (२०६७), *स्वास्थ्य वालविकासका लागि प्रभावकारी क्रियाकलाप,* नयाँ वानेश्वर काठमाडौः नेशनल इन्स्टिच्युट अफ साइकोलोजी ।

विश्वकर्म, बाबुराम (२०७०), *राम्रो सिकाइका लागि शैक्षिक सामग्री,* शिक्षक मासिक, ६ (६२), २०-२६ ।

स्कोटिस लाइब्रेरी एण्ड कन्फरमेशन काउनसिल (२००९), *इमप्रोभिङ्ग लाइबेरीस् फर लरनरस्,* हामिल्टनः लेखक ।

# अनुसूची-१

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

प्र.अ.को लागि खुल्ला प्रश्नावली

प्र.अ.को नामः पद :

अध्यापन गर्ने तह ग्रेड कक्षा :

१.तपाइको विद्यालयमा कक्षाकोठामा किताब कुनाको प्रयोग कहिले देखि लागु गर्नु भएको हो ?

...........................................................................................................

२. नेपाल सरकारले किन तपाईको विद्यालयलाई किताब कुना सञ्चालन परीक्षण गर्न छानिएको हो ?

...........................................................................................................

३. किताब कुनाको प्रयोग गर्न चाहिने किताबहरू तथा बाल सन्दर्भ सामग्रीहरू कहाँबाट जुटाउनु भएको हो ? यसका सहयोगी संस्थाहरू कुन कुन हुन् ?

...........................................................................................................

४. किताब कुनाको प्रयोगको लागि चाहिने भौतिक सामग्रीहरू कसरी सङ्कलन तथा निर्माण गरिएको छ ?

...........................................................................................................

५. किताब कुनाको प्रयोगले बालबालिको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

...........................................................................................................

६. किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मुख्य तत्व के हुन सक्दछ ?

...........................................................................................................

७. किताब कुनाको प्रयोगका समस्याहरू के के रहेका छन् ?

...........................................................................................................

८. किताब कुनाको अवस्था सुधार गर्ने उपायहरू के के हुन सक्छन् ?

...........................................................................................................

# अनुसूची-२

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

शिक्षकको लागि खुल्ला प्रश्नावली

शिक्षकको नामः पद :

अध्यापन गर्ने तहः ग्रेड कक्षा :

१. किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मुख्य तत्व के हुन सक्दछ ?

............................................................................................................

२. किताब कुनाको प्रयोगका समस्याहरू के के रहेका छन् ?

............................................................................................................

३. किताब कुनाको अवस्था सुधार गर्ने उपायहरू के के हुन सक्छन् ?

............................................................................................................

४. किताब कुनामा व्यवस्थापन गरिएका सामग्रीहरूलाई शिक्षणमा क-कस्ले प्रयोग गर्नु हुन्छ ?

............................................................................................................

५. किताब कुनाको प्रयोगले बालबालिको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

............................................................................................................

६. विद्यार्थीको भाषिक सीप सुनाई, बोलाइ, पढाइ र लेखाइको विकास गर्न किताब कुनाको प्रयोग कसरी गर्ने गर्नु भएको छ ?

............................................................................................................

# अनुसूची-३

## बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

स्रोतव्यक्तिको लागि खुल्ला प्रश्नावली

स्रोतव्यक्तिको नामः ठेगाना :

स्रोतकेन्द्र : मिति :

१. किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मुख्य तत्व के  हुन सक्दछ ?

..........................................................................................................................

२. किताब कुनाको अवस्था सुधार गर्ने उपायहरू के के हुन सक्छन् ?

..........................................................................................................................

३. तपाईको स्रोतकेन्द्र अन्तर्गत किताब कुना लागु भएका विद्यालयहरूका बालबालिकाहरूमा कस्तो प्रभाव परेको छ ?

..........................................................................................................................

४. किताब कुना प्रयोगको लागि शिक्षा कार्यालयबाट विद्यालयलाई कस्तो सहयोग प्रदान गरेको छ ?

..........................................................................................................................

५. शिक्षा कार्यालयबाट कक्षा शिक्षण गर्ने शिक्षकहरूलाई कस्तो-कस्तो तालिमको व्यवस्था गरिएको छ ?

..........................................................................................................................

## अनुसूची-४

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष तथा अभिभावकहरूको लागि अन्तर्वार्ता अनुसूची

नामः पद :

ठेगाना : पेशाः

१. कक्षा कोठामा किताब कुनाको व्यवस्थापन गर्न समुदायबाट कस्तो सहयोग प्रदान गरेको छ ?

..........................................................................................................

२. किताब कुनाको प्रयोगमा प्रभाव पार्ने मुख्य तत्व के हुन सक्दछ ?

..........................................................................................................

३. किताब कुनाको व्यवस्थापनका सामस्याहरू के के रहेका छन् ?

..........................................................................................................

४. किताब कुनाको व्यवस्थापनलाई सुधार गर्ने उपयाहरू के के हुन सक्छन् ?

..........................................................................................................

५. किताब कुनाको व्यवस्थापन भए पछि तपाईको वालबालिकाको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

६. किताब कुनाको व्यवस्थापनमा तपाईको समिति अथवा तपाई स्वयमले गर्न सक्ने सहयोग के के हुन सक्छन् ?

..........................................................................................................

## अनुसूची-५

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

विद्यालयमा अध्ययनरत छनोटमा परेका बालबालिकाहरूको लागि निर्देशिका प्रश्नावली

विद्यार्थीको नाम: उमेर :

कक्षा : रोल्न नं. :

१.तिम्रो कक्षाकोठामा किताब कुनाको प्रयोग छ कि छैन ?

क) छ ख) छैन

२. किताब कुनामा भएका सामग्रीहरू तिमीले प्रयोग गर्ने गरेको छ ?

क) छ ख) छैन

३. किताब कुनामा भएका सामग्रीहरू तिम्रो शिक्षकले पढाउदा प्रयोग गर्नु हुन्छ ?

क) गर्नुहुन्छ ख) गर्नुहुन्न

४. किताब कुनामा भएका किताबहरू तिमी आफैले भेटाउन वा झिक्न सक्छौं ?

क) सक्छु ख) सक्दिन

५. किताब कुनामा भएका किताबहरू मध्ये तिमीलाई सबैभन्दा बढी मन पर्ने किताब कुन हो ?

क) कथा ख) कविता ग) चित्रकथा घ) खेलकथा

६. किताब कुनामा भएका मध्ये तिमीलाई सबैभन्दा मन पर्ने कुन विषयको किताब हो ?

क) नेपाली ख) अङ्ग्रेजी ग) गणित

७. किताब कुनामा भएका किताब तिम्रो शिक्षकले पढेर सुनाएपछि वा आफै पढेपछि साथीसँग छलफल गर्दछौ ?

क) गर्छु ख) गर्दिन

८. किताब कुनामा भएका किताबहरू पढ्दा वा हेर्दा तिमीलाई कस्तो लाग्छ ?

क) रमाइलो ख) दिक्क

९. किताब कुनामा भएका कथाका किताबहरू मध्ये तिमीले पढेको वा सुनेको कुनै एक कथा भन्न सक्छौं ?

क) सक्छु ख) सक्दिन

# अनुसूची ६

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

अध्ययनको लागि नमूना छनोटमा लिइएको स्रोतव्यक्ति, प्र.अ. तथा शिक्षकहरूको नामावली

| क्र.स. | नाम | पद | विद्यालयको नाम /स्रोतकेन्द्र |
|---|---|---|---|
| १ | श्री अमरवहादुर पाण्डे | प्र.अ. | श्री जनकल्याण नि.मा.वि. |
| २ | श्री मिना कुमारी चापागाई | शिक्षक | श्री जनकल्याण नि.मा.वि. |
| ३ | श्री कमला मगर | शिक्षक | श्री जनकल्याण नि.मा.वि. |
| ४ | श्री राममती अङ्देम्बे | शिक्षक | श्री जनकल्याण नि.मा.वि. |
| ५ | श्री हर्क वहादुर मगर | प्र.अ. | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ६ | श्री जानुका कटुवाल | शिक्षक | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ७ | श्री रुना प्रधान | शिक्षक | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ८ | श्री सुनिता लिङ्खा | शिक्षक | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ९ | श्री रियन्द्रप्रसाद गुरागाई | स्रोतव्यक्ति | पाखिवास स्रोतकेन्द्र |

# अनुसूची ७

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

अध्ययनको लागि नमूना छनोटमा लिइएको वि.व्य.स. अध्यक्ष, शि.अ. संघ अध्यक्ष तथा अभिभावकहरूको नामावली

| क्र.स. | नाम | पद | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री हेमराज समाल | वि.व्य.स. अध्यक्ष | श्री जनकल्याण नि.मा.वि. |
| २ | श्री कविता आले | शि.अ. संघ अध्यक्ष | श्री जनकल्याण नि.मा.वि. |
| ३ | श्री नविन कुवर | अभिभावक | श्री जनकल्याण नि.मा.वि. |
| ४ | श्री कुमारी तामाङ्ग | अभिभावक | श्री जनकल्याण नि.मा.वि. |
| ५ | श्री पदम व. महत | वि.व्य.स. अध्यक्ष | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ६ | श्री रणवहादुर राना | शि.अ. संघ अध्यक्ष | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ७ | श्री खिरमाया आलेमगर | अभिभावक | श्री ढुङ्गेधारा नि.मा.वि. |
| ८ | श्री नारायण आलेमगर | अभिभावक | श्री ढुङ्गेधारा नि.मा.वि. |

# अनुसूची ८

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

अध्ययनको लागि नमूना छनोट गरिएको श्री जनकल्याण नि.मा.वि.का विद्यार्थीहरूको विवरण

| क्र.स. | नाम | कक्षा |
|---|---|---|
| १ | पूर्णिमा तामाङ्ग | ३ |
| २ | राजन आले | ३ |
| ३ | तेज वहादुर अधिकारी | ३ |
| ४ | शुशिल पिठाकोटे | ३ |
| ५ | प्रिति लुङ्गेली | ३ |
| ६ | प्रतिभा तामाङ्ग | २ |
| ७ | सुस्मिता राया | २ |
| ८ | जितेन मगर | २ |
| ९ | भेषराज राय | २ |
| १० | प्रिया लुङ्गेली | २ |
| ११ | पुकार कुवर | १ |
| १२ | हेमकुमारी मगर | १ |
| १३ | सितल अधिकारी | १ |
| १४ | डोल्मा मगर | १ |
| १५ | मनिषा तामाङ्ग | १ |

# अनुसूची ९

# बालमैत्री कक्षाकोठामा किताब कुनाको प्रयोग

अध्ययनको लागि नमूना छनोट गरिएको श्री ढुङ्गेधारा नि.मा.वि.का विद्यार्थीहरूको विवरण

| क.स. | नाम | कक्षा |
|---|---|---|
| १ | प्रतिक्षा महत | ३ |
| २ | सुदिप कटुवाल | ३ |
| ३ | सुसिला कटुवाल | ३ |
| ४ | सुस्मिता दर्लामी | ३ |
| ५ | निशा आले | ३ |
| ६ | निशा पौड्ेल | २ |
| ७ | सविना पौड्ेल | २ |
| ८ | अस्मिता तामाङ्ग | २ |
| ९ | धन ब. राना | २ |
| १० | पवन पौड्ेल | २ |
| ११ | रमेश वि.क. | १ |
| १२ | पुजा राई | १ |
| १३ | छत्र ब. बस्नेत | १ |
| १४ | उत्तम पौड्ेल | १ |
| १५ | सपना खड्का | १ |